जि.प्र.का. दर्ता नं. २८९।०५९।०६०
समाज कल्याण परिषद् आबद्धता नं. १७७२३

# मार्टिन चौतारीको वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७५/७६

**३० भदौ २०७६**

## वैधानिक र प्रशासनिक जानकारी

संस्थाको नाम — मार्टिन चौतारी

जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता नं. — २८९।०५९।०६०
समाज कल्याण परिषद्मा आबद्धता नं. — १७७२३

कार्यसमिति (पछिल्लो वार्षिक साधारणसभा ३ असोज २०७५/१९ सेप्टेम्बर २०१८)

| | |
|---|---|
| अध्यक्ष | प्रमोद भट्ट |
| उपाध्यक्ष | मधुसुदन सुवेदी |
| सचिव | सुशील मैनाली |
| कोषाध्यक्ष | संगीता पाण्डे |
| सदस्य | कुमार पाण्डे |
| | मनकुमारी ठाडा |
| | कैलाश रानी राई |

कार्यालय
२७ जीतजंग मार्ग, थापाथली
पोष्ट बक्स १३४७०
काठमाडौँ, नेपाल

लेखा परीक्षक
नवराज थपलिया एन्ड एसोसिएट्स
महाराजगञ्ज, काठमाडौँ
नेपाल

मार्टिन चौतारी

# विषयसूची


| पेज | शीर्षक |
|---|---|
| ४ | पृष्ठभूमि र सारांश |
| ५ | छलफलर प्रसार |
| ५ | चौतारी छलफल श्रृङ्खला |
| ८ | प्रकाशन |
| ९ | मार्टिन चौतारी पुस्तकालय |
| ११ | अनुसन्धान |
| ११ | राजनीतिक प्रवाह-पथ: लोकतन्त्र र शासन पद्धति |
| १४ | ज्ञान उत्पादन र वितरण |
| १९ | भौतिक रूपान्तरण |
| २० | प्रशासन |
| २० | मार्टिन चौतारीको संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी परियोजना |
| २१ | प्रशासन तथा वित्त |
| २२ | अनुगमन तथा मूल्यांकन |
| २३ | जनसम्पर्क र साझेदारी |
| २४ | अनुसूचीहरू |

# पृष्ठभूमि र सारांश

प्रस्तुत प्रतिवेदनमा मार्टिन चौतारीले आर्थिक वर्ष २०७५/७६ (२०७५ साउन १ देखि २०७६ असार ३१ तदनुसार १७ जुलाई २०१८ देखि १६ जुलाई २०१९) सम्म गरेका कार्य प्रगतिको विवरण समेटिएको छ। चौतारीले गर्दैआएका क्रियाकलापको प्रकृति अनुसार नै यस प्रतिवेदनलाई पनि विभिन्न खण्डमा विभाजन गरिएको छ। त्यस अनुसार पहिलो खण्डमा छलफल तथा प्रसार कार्यअन्तर्गत पर्ने चौतारीका नियमित र अतिरिक्त छलफल, विभिन्न एकाई अन्तर्गत गरिएका विशेष छलफल, कार्यशाला तथा सम्मेलन; प्रकाशन र पुस्तकालय सम्बन्धी गतिविधिको विवरण समेटिएको छ। दोस्रो खण्डमा अनुसन्धान कार्यसँग सम्बन्धित क्रियाकलाप समेटिएको छ। यसअन्तर्गत चौतारीका विभिन्न अनुसन्धान एकाईले गरेका कामको फेहरिस्त छुट्टाछुट्टै उपखण्डमा वर्णित छ। मुख्य गरी चौतारीका विभिन्न अनुसन्धान परियोजनालाई राजनीतिक प्रवाह-पथ, ज्ञान उत्पादन र वितरण तथा भौतिक रूपान्तरण गरी तीन ओटा एकाईमा विभाजन गरिए अनुरूप नै यहाँ सम्बन्धित परियोजना अन्तर्गतका गतिविधिलाई तत् तत् उपखण्डमा समावेश गरी चर्चा गरिएको छ। अन्तिम खण्डमा चौतारीको प्रशासनिक गतिविधि अन्तर्गत प्रशासन र वित्त एवं अनुगमन तथा मूल्यांकनसँग सम्बन्धित कार्यप्रगतिको विवरण उल्लेख गरिएको छ। साथै, चौतारीको क्रियाकलाप सम्बन्धी केही अनुसूचीलाई यो प्रतिवेदनको अन्तमा प्रस्तुत गरिएको छ।

यो आर्थिक वर्षमा एउटा पुस्तक, *समाज अध्ययन*को एक अंक र *सिन्हास* जर्नलका तीन अंक गरी ५ ओटा पुस्तक/जर्नल प्रकाशन हुन सके। त्यस्तै, यो आ.व. मा दुई ओटा शोध-संक्षेप प्रकाशन गरिए। एउटा सर्वेक्षण प्रतिवेदन, तीन ओटा पुस्तकको प्रकाशन तथा दुई ओटा शोध-संक्षेप प्रकाशन सम्बन्धी काम अन्तिम चरणमा पुगेको छ भने विभिन्न विधाका ३ ओटा नयाँ सन्दर्भ सामग्री चौतारीको वेबसाइटमा अपलोड गरिएको छ। चौतारीले सञ्चालन गरेको विभिन्न परियोजनामा आबद्ध अनुसन्धानकर्ता र चौतारीका सदस्यहरू समेतका गरी ११५ ओटा टिप्पणी तथा अन्तर्वार्ता नेपालका विभिन्न पत्रपत्रिका तथा अनलाइनमा यस वर्ष छापिए जसलाई Chautarian Speak शीर्षकअन्तर्गत चौतारीको वेबसाइटमा छापिएको सामग्रीसहित अपलोड गर्ने गरिएको छ। त्यस्तै, नियमित र अतिरिक्त गरी १२२ ओटा छलफल, एक दर्जनभन्दा बढी विशेष कार्यशाला तथा गोष्ठी र एउटा सम्मेलन सम्पन्न भए। चौतारीले गरेका नियमित छलफलमा यस वर्ष कुल ३,६३६ जनाले भाग लिए जसमा विशेष कार्यशाला एवं सम्मेलनमा उपस्थित सहभागीलाई गणना गरिएको छैन। यस वर्ष चौतारीको पुस्तकालयमा ९६६ ओटा पुस्तक तथा प्रतिवेदन थपिए। त्यस्तै, कम्तीमा २,१३३ जना आगन्तुकहरूले यो पुस्तकालयको सेवा लिएका थिए। यो वर्ष FHI 360 सँग नयाँ परियोजनाका लागि सम्झौता भयो। विगत वर्षमै सुरु भएका इकोनोमिक एन्ड सोसियल रिसर्च काउन्सिल, फोर्ड फाउन्डेसन, नेशनल इन्डाउमेन्ट फर डेमोक्रेसी (NED), ओपन सोसाइटी इन्स्टिच्यूट (OSI) र डानिडा फेलोसिप सेन्टर (DFC) को सहयोगमा सञ्चालित परियोजनाहरूले यो वर्षमा निरन्तरता पाए।

नयाँ परियोजना एउटा मात्र भए पनि विगतका परियोजनाहरूकै निरन्तरताका कारण समग्रमा चौतारीको वित्तीय अवस्था यो वर्ष सन्तोषजनक रह्यो। विभिन्न परियोजना तथा प्रशासनिक गतिविधिको लागि यस आ.व. २०७५/७६ मा चौतारीले कुल ३ करोड ९० लाख २५ हजार २ सय रुपैयाँ खर्च गर्ने लक्ष्यका साथ बजेट प्रस्तुत गरेको थियो। Danida Fellowship Center को परियोजना अन्तर्गत काठमाडौँ यूनिभर्सिटीको शिक्षाशास्त्र संकायमार्फत गरिने कुल खर्च ३८ लाख ९१ हजार ५ सय १४ रुपैयाँ २० पैसा सहित यस आ.व.को अन्त्य सम्ममा ३ करोड ८५ लाख ५६ हजार ३ सय ३० रुपैयाँ ९९ पैसा खर्च भयो। आ.व. को सुरुमा चौतारीमा ५ करोड ३६ लाख २६ हजार ५ सय २९ रुपैयाँ ९१ पैसा नगद मौज्दात रहेकोमा यो वर्षभरीमा विभिन्न दातृ संस्थाबाट प्राप्त सहयोग तथा अन्य आम्दानीसमेत गरी ४ करोड ४३ लाख ९१ हजार ६ सय ३६ रुपैयाँ ७८ पैसा प्राप्त भई कुल नगद प्रवाह ९ करोड ८० लाख १८ हजार १ सय ६६ रुपैयाँ ६९ पैसा पुगेको थियो। त्यसमध्ये वर्ष भरीमा खर्च भई आगामी वर्षका लागि नगद मौज्दात ५ करोड ९४ लाख ६१ हजार ८ सय ३५ रुपैयाँ ०७ पैसा छ। यसमध्ये चौतारीको मूल कोष (Core Fund) मा २ करोड ३० लाख ७३ हजार ८ सय २७ रुपैयाँ ०७ पैसा नगद मौज्दात रहनेछ जस मध्य १ करोड ७० लाख मुद्दती खातामा रहनेछ। मूल कोषमा गत आ.व. भन्दा यस वर्ष ६८ लाख १९ हजार ४ सय ४० रुपैयाँ २३ पैसा थपिन गएको छ। चौतारीले अवलम्बन गरेको Quality Assurance Compliance (QAC) नीति, DFC सहयोगको परियोजनाको Overhead तथा FHI 360 सँग गरिएको सेवा करार अन्तर्गतको रकम मूल कोषमा नै जाने हुनाले सो खातामा उक्त रकम बढ्न पुगेको हो।

यस वर्ष चौतारीमा सामान्य करारमा रहेका ३ जना तथा छोटो अवधिको करारमा रहेका २ जना गरी ५ जना कर्मचारीहरूले दिनुभएको स्वेच्छिक राजिनामा स्वीकृत गरियो भने ३ जना नयाँ कर्मचारीहरू छोटो अवधिको करारमा नियुक्त हुनुभयो। यो आर्थिक वर्षमा महिला कर्मचारीको सहभागिता करिब ३० प्रतिशत रह्यो। नेपालबाहिर भएका विभिन्न ३ ओटा कार्यशाला तथा सम्मेलनमा यो वर्ष चौतारीका विभिन्न ५ जना अनुसन्धानकर्ताहरूको सहभागिता रह्यो। साथै, देशभित्र आयोजना भएका दर्जनौँ त्यस्ता कार्यक्रममा चौतारीका अनुसन्धानकर्ताहरूले आफ्ना अनुसन्धानमा आधारित प्रस्तुति दिनुभयो।

यस वर्ष मार्टिन चौतारीले गर्दैआएको अनुसन्धान, छलफल, प्रकाशन, पुस्तकालय सञ्चालन जस्ता गतिविधि एवं यसले गर्ने कामको आम जनतासँग सम्बन्धबारे छुट्टाछुट्टै विस्तृत समीक्षा गरी संस्थागत सुधारका लागि सुझाव सहितको प्रतिवेदन तयार पारियो। उक्त प्रतिवेदनले औँल्याए बमोजिम सुधारका प्रयास गर्न त्यस सम्बन्धी गतिविधि एवं आवश्यक नीति निर्माण आउने वर्ष गरिनेछ।

## १। छलफल र प्रसार

### १.१। चौतारी छलफल शृंखला

मार्टिन चौतारी आफैँले वा अन्य संस्था/समूहसँग मिलेर संयुक्त रूपमा सातामा दुई दिन (आइतबार र मंगलबार) आयोजना गर्दिँदै आएका छलफल शृंखलाले यस वर्ष पनि निरन्तरता पाए। आइतबार र मंगलबार हुने नियमित छलफल तथा अन्य बारहरूमा चौतारी एक्लै वा सहकार्यमा भएका अतिरिक्त छलफल समेत गरी आ.व. २०७५/७६ मा कुल १२२ ओटा छलफल भए। तीमध्ये ४६ ओटा अनुसन्धानमा आधारित आइतबारे छलफल भए भने समसामयिक विषयका ४७ ओटा मंगलबारे छलफल भए। सार्वजनिक विदा र चौतारीमा आयोजना भएका विशेष सेमिनार तथा कार्यक्रमका कारण यो वर्ष ६ ओटा आइतबारे र ६ ओटा मंगलबारे छलफल हुन सकेनन्। साथै, विभिन्न विषयमा यो वर्ष २९ ओटा अतिरिक्त छलफल भए जसमा दलित रिडरसँगको सहकार्यमा गरिने दलित सम्बन्धी छलफल शृंखला तथा कर्णाली समाजसँगको सहकार्यमा गरिने कर्णाली छलफल शृंखला पनि पर्छन्। यी अतिरिक्त छलफलहरूमा जम्मा १६८ जना मुख्य वक्ताको रूपमा निम्त्याइएका थिए; जसमा १११ जना (६६ प्रतिशत) पुरुष र ५७ जना (३४ प्रतिशत) महिला वक्ता थिए। चौतारीले छलफल र विशेष कार्यक्रमको आयोजनाको सिलसिलामा यो वर्ष विभिन्न ८ ओटा अन्य संस्था/समूह सँग सहकार्य गर्‍यो। ती हुन्: आइसेट नेपाल, इक्वल एक्सेस, कर्णाली समाज, दलित रिडर, नेपाल मधेश फाउण्डेशन, पिपुल्स हेल्थ मुभमेन्ट नेपाल, फ्री प्रेस नेपाल र मदन पुरस्कार पुस्तकालय। यसबाहेक नेपाल दर्शन अध्ययन केन्द्र, Film Critics Society Nepal (FICSON), बुकाहोलिक्स र आह्वानलाई चौतारीले विविध विषयमा नियमित छलफल चलाउन आफ्नो सभाकक्ष उपलब्ध गरायो। ती संस्था/समूहले विगत वर्षदेखि नै आफ्ना छलफल शृंखला चलाउँदै आएका छन्। चौतारीमा हुने नियमित छलफललाई लैंगिक र विषयगत रूपमा सन्तुलित बनाउने प्रयास स्वरूप अघिल्ला वर्षहरूमा झैँ मार्च महिनाका चौतारीका नियमित छलफलमा वक्ताका रूपमा बोल्न आउने सबै महिला नै हुनुपर्ने नियम यस आ.व.मा पनि लागू गरियो। चौतारीमा आयोजना भएका नियमित र अतिरिक्त छलफलको विस्तृत विवरण निम्न लिंक http://www.martinchautari.org.np/index.php/mcdiscussions?start=1 मा उपलब्ध छ।

***छलफलमा सहभागिता***

आ.व. २०७५/७६ मा कुल ३ हजार ६ सय ३६ जना चौतारीद्वारा आयोजित छलफलमा सहभागी भए। यसरी हेर्दा प्रत्येक छलफलमा सरदर ३० जनाको उपस्थिति देखिन्छ। जम्मा सहभागीमध्ये २ हजार ८ सय १ जना (करिब ७७ प्रतिशत) पुरुष र ८ सय ३५ जना (करिब २३ प्रतिशत) महिला थिए। चौतारीमा नियमित छलफलमा भाग लिन आउने सहभागीहरूले उपस्थिति रजिस्टरमा आफ्नो नाम दर्ता गराएको आधारमा यो संख्या निकालिएको हो। छलफलमा उपस्थित हुने सहभागी सबैले नाम लेख्ने कार्य स्वेच्छिक भएकाले छलफलमा भाग लिने वास्तविक सहभागी संख्या यो भन्दा बढी भएको अनुमान गर्न सकिन्छ। यसमा चौतारीको हल प्रयोग गरी अरूले नियमित रूपमा आयोजना गरेका छलफलका सहभागीको संख्यालाई गणना गरिएको छैन। चौतारीले गत वर्ष झैँ आफ्नो सामाजिक सञ्जाल (ट्वीटर/फेसबुक) लाई नै प्रचारको मुख्य माध्यम बनाएको थियो भने यहाँ हुने अधिकांश छलफलमा वक्ताले गरेका प्रस्तुति उनीहरूसँग स्वीकृति लिएर चौतारीको फेसबुक र युट्युब च्यानल मार्फत पनि सार्वजनिक गर्ने गरिन्छ।

**मार्टिन चौतारी छलफल शृंखलाको सहभागी विवरण (आर्थिक वर्ष २०७५/०७६)**

| | पुरुष | | | महिला | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| छलफल शृंखला | कुल संख्या | प्रतिशत | एक दिनको औसत सहभागी संख्या | कुल संख्या | प्रतिशत | एक दिनको औसत सहभागी संख्या | कुल संख्या | एक दिनको औसत सहभागी |
| आइतबारे छलफल शृंखला | ९२० | ७४ | २० | ३२१ | २६ | ७ | १२४१ | २७ |
| मंगलबारे छलफल शृंखला | ९३३ | ७७ | २० | २८४ | २३ | ६ | १२१७ | २५ |
| अतिरिक्त छलफल | ९४८ | ८० | ३३ | २३० | २० | ६ | ११७८ | ३९ |
| जम्मा | २८०१ | ७७ | २३ | ८३५ | २३ | ७ | ३६३६ | ३० |

## १.२। सम्मेलन, सेमिनार, कार्यशाला र विशेष छलफल

नियमित वा अतिरिक्त दिनमा हुने छलफलका अलावा चौतारीले यस आ.व. मा सेमिनार, कार्यशाला, सम्मेलन, आदि गरी १६ ओटा विशेष कार्यक्रम आयोजना गऱ्यो। यी चौतारीकै कुनै परियोजनाको आवश्यकता अनुसार वा परियोजनाभित्र नपरे पनि चौतारीले विशेष छलफल गर्न आवश्यक ठानेर सञ्चालन गरिएका आधा दिने, एक दिने वा त्यसभन्दा लामा कार्यक्रम हुन्।

### *१.२.१। चौतारी वार्षिक सम्मेलन*

चौतारीले नियमित रूपमा आयोजना गर्ने चौतारी वार्षिक सम्मेलन यस वर्ष २१-२३ अप्रिल २०१९ (८-१० वैशाख २०७६) मा आयोजना गरेको थियो। सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्न व्यक्तिगत प्रस्तुति र प्यानलका रूपमा प्रस्तुति दिन एब्स्ट्राक्ट आह्वान गर्दै ३१ अगष्ट २०१८ मा सूचना जारी गरिएको थियो। निर्धारित मिति १५ डिसेम्बर २०१८ सम्ममा ८८ ओटा व्यक्तिगत एब्स्ट्राक्ट तथा २ ओटा प्यानल एब्स्ट्राक्ट प्राप्त भयो। प्यानल एब्स्ट्राक्ट सहित ७४ ओटा एब्स्ट्राक्ट सम्मेलनमा प्रस्तुतिका लागि छनोट गरिएको थियो। तीमध्ये तोकिएको दिनसम्म ४८ जनाले मात्र कार्यपत्र बुझाए र ती सम्मेलनमा प्रस्तुत गरिए। प्राप्त अनुसन्धान पत्रहरूबाट हेरेकमा ३ कार्यपत्र समेटेर १७ ओटा विषयगत सेसन/प्यानल बनाइएको थियो (अनुसूची १)। हरेक सेसनमा प्रस्तुत हुने पेपरमाथि समग्र टिप्पणी गर्न र सेसन सञ्चालन गर्न सेसनपिच्छे एक-एक जना सहजकर्ता तोकिएको थियो। सबै प्रस्तोता र सेसनका सहजकर्ता गरी जम्मा ८९ जना सहभागीमध्ये ६० पुरुष र २९ महिला थिए। प्रस्तोता र सहजकर्ता तथा मार्टिन चौतारीका अनुसन्धाता/कर्मचारीहरूलाई नि:शुल्क सहभागिताको व्यवस्था थियो भने बाहिरका ३० जनासम्म व्यक्तिले सहभागी हुनसक्ने भन्दै सूचना आह्वान गरिएको थियो। यद्यपि केहीले विशेष आग्रह गरेका कारण अन्तमा ३३ जना सहभागीको नाम दर्ता गरियो। दर्ता शुल्क प्रतिव्यक्ति रु. ५०० राखिएको थियो। सम्मेलनमा सबै गरी पहिलो दिन १०८ (पुरुष ७३ र महिला ३५); र दोस्रो दिन ८५ (पुरुष ६४ र महिला २१) जना उपस्थित थिए भने तेस्रो दिन ६८ (पुरुष ४७ र महिला २१) जनाको उपस्थिति रहेको थियो।

### *१.२.२। चौतारी स्थापना व्याख्यान्*

चौतारीले सन् २०१५ देखि हरेक वर्ष गर्दैआएको चौतारी स्थापना व्याख्यान्ले यस वर्ष पनि निरन्तरता पायो। चौतारी स्थापना भएको मिति आसपासमा गर्न थालिएको यस व्याख्यान्मा प्रबुद्ध व्यक्तित्वलाई निश्चित विषयमा प्रवचन दिन लगाइन्छ। सन् २०१८ को लागि नेपाली साहित्यबारे '(Almost) Everything I've learned about Nepali Literature is Wrong' शीर्षकमा मञ्जुश्री थापाले प्रवचन दिनुभयो। यो व्याख्यान् १२ पुष २०७५ (२७ डिसेम्बर २०१८) मा मार्टिन चौतारीमा आयोजना भएको थियो। यस कार्यक्रममा करिब १३० जनाको उपस्थिति थियो। थापाको यो प्रवचन *सिन्हास* जर्नलको वर्ष २४ अंक १ मा प्रकाशन गरिएको छ।

### *१.२.३। प्राज्ञिक अनुसन्धान लेखन कार्यशाला*

गत वर्षहरूमा जस्तै मार्टिन चौतारीले यो वर्ष (सन् २०१९) मा पनि प्राज्ञिक लेखन कार्यशाला (Academic Writing Workshop) सञ्चालन गऱ्यो। पहिलो कार्यशाला अघिल्ला वर्षहरूमा जस्तै खुला किसिमको कार्यशाला थियो जुन जनवरी २०१९ देखि सुरु भयो। त्यसमा प्राप्त ११ ओटा मस्यौदा लेखहरू मध्येबाट ६ ओटा छानिएका थिए। यो कार्यशाला प्रत्येक अंग्रेजी महिनाको पहिलो आइतबार बिहान सञ्चालन गरिएको थियो। यस वर्ष पाँच ओटा कक्षाहरू सञ्चालन भइसकेका छन् भने अन्तिम कक्षा ४ अगस्तमा सञ्चालन हुनेछ। प्रत्येक कक्षा ३ घण्टाको हुन्छ, जसमा कुनै दुई ओटा लेखमाथि छलफल हुन्छ। लेखकहरूले संक्षिप्तमा आफ्नो लेख वा लेखको परिमार्जन प्रस्तुत गरेपछि, बाँकी समयमा ती लेखमाथि अरू सहभागी लेखकहरू र मार्टिन चौतारीका तीन जना सहजकर्ताहरूले टिप्पणी गर्ने, प्रश्न सोध्ने, र सुझाव दिने गरिन्छ। प्राप्त टिप्पणीका आधारमा सबै लेखहरू कम्तीमा एक चोटि परिमार्जित भइसकेका छन्। अगस्तमा यो कार्यशाला समापन हुने भए पनि, भविष्यमा लेखकको अनुरोधको आधारमा सहजकर्ताहरूले ती लेखहरूमा आवश्यक सुझाव भने दिई नै रहनेछन्। यस कार्यशालामा प्रत्येक सहभागीसँग रु. ४,००० दर्ता शुल्क लिइएको थियो।

सन् २०१९ मार्चको दोस्रो हप्तादेखि सुरु भएको दोस्रो कार्यशाला भने "Promoting Feminist Scholarship and Knowledge Production" भन्ने विषयमा केन्द्रित थियो। अमिना सिंहले चलाउनु भएको यो कार्यशालाको शैली भने माथि उल्लिखित कार्यशालाभन्दा भिन्न थियो। कुल १२ ओटा सेसनमा विभाजित यो कार्यशालामा पहिलो ६ ओटा सम्बन्धित विषयमा केन्द्रित रिडिङ सेसन चलाउने र पछिल्ला ६ ओटा राइटिङ सेसन चलाउने उद्देश्य लिइएको थियो। यो आ.व. मा १२ मध्ये ९ ओटा सेसन सम्पन्न भइसकेका छन् भने ३ ओटा सेसन आगामी वर्षमा हुनेछन्। कुल १२ जनाले सहभागिता जनाएकोमा केही सहभागीले रिडिङ सेसन सम्पन्न भएपछि राइटिङ सेसनमा सहभागी नभई बीचमै छोडेका छन्। यस कार्यशालामा प्रत्येक सहभागीसँग रु. ५,००० दर्ता शुल्क लिइएको थियो।

उल्लिखित दुई कार्यशालाका अतिरिक्त "Writing in Anthropology: On Positionality, Reflexivity and Ethnographic Fieldwork" विषयमा पनि २४ मार्च २०१९ मा एक दिने अर्को एउटा कार्यशाला सम्पन्न भयो। टिना श्रेष्ठले सञ्चालन गर्नुभएको सो कार्यशाला नि:शुल्क भए पनि सहभागीले पहिल्यै नाम दर्ता गराउनुपर्ने प्रावधान राखिएको थियो। यस कार्यशालामा करिब २० जना सहभागी थिए।

### *१.२.४। रिडिङ सेमिनार*

सन् २०१५ देखि विभिन्न विषयमा चौतारीको हाताभित्र गर्दैआएको रिडिङ सेमिनार यस वर्ष पनि सञ्चालन गरियो। यस वर्ष तीन ओटा त्यस्ता रिडिङ सेमिनार आयोजना गरिए। पहिलो सेमिनार Science, Technology and Society/Policy: Search for Interdisciplinary Perspectives शीर्षकमा अगस्त ३ देखि अक्टोबर ५, २०१८ सम्म प्रत्येक शुक्रबार आयोजना गरियो। चौतारीका अनुसन्धानकर्ता सोहनप्रसाद साह सो सेमिनारका स्रोत व्यक्ति हुनुहुन्थ्यो। यो सेमिनारमा जम्मा ९ जनाले सहभागिता जनाएका थिए। यो सेमिनार Colloquium on Philosophy of Science and Sociology of Technology, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान् (NAST) र त्रि.वि. को मानवशास्त्र केन्द्रीय विभाग सँगको सहकार्यमा भएको थियो। यो सेमिनारमा प्रत्येक सहभागीसँग रु. ४,००० दर्ता शुल्क लिइएको थियो।

दोस्रो सेमिनार Rhetoric and Composition विषयमा आयोजना गरिएको थियो। यस सेमिनारको स्रोतव्यक्ति स्वेता बानियाँ हुनुहुन्थ्यो। जम्मा ४ जनाको सहभागिता रहेको यो सेमिनार २४ र २६ मे २०१९ मा दुई दिन चलेको थियो। यसमा सहभागीहरूसँग दर्ता शुल्क बापत रु. १,००० लिइएको थियो। तेस्रो सेमिनार "Pierre Bourdieu and His Ideas" विषयमा १७ जुलाई २०१९ मा भएको उक्त सेमिनारमा इलोनोय विश्वविद्यालय, शिकागोका प्राध्यापक मार्क लिक्टी स्रोत व्यक्ति हुनुहुन्थ्यो। उहाँको नेपाल भ्रमणको अवसर पारेर मार्टिन चौतारीका अनुसन्धानकर्ता तथा सदस्यहरूका लागि मात्र यो सेमिनार आयोजना गरिएको थियो। उक्त सेमिनारमा मार्टिन चौतारीका अनुसन्धानकर्ता तथा सदस्य मात्र गरी १८ जनाको सहभागिता रहेको थियो।

### *१.२.५। जर्नल व्यवस्थापन कार्यशाला*

यो वर्ष मार्टिन चौतारीले एउटा १ दिने जर्नल व्यवस्थापन कार्यशालाको आयोजना गऱ्यो। २०७६ जेठ १५ (मे २९, २०१९) मा चौतारीमा आयोजित यस कार्यशालामा जम्मा ३६ जना सहभागीहरूले भाग लिए। यो कार्यशालामा मुख्यतः नयाँ जर्नल प्रकाशनका लागि आवश्यक पूर्वतयारी र लेखहरू कसरी आह्वान, छनोट, समकक्षी समीक्षा, सम्पादन, र प्रकाशन गर्ने-गराउने भन्ने बारेमा जानकारी दिने र अनुभव आदानप्रदान गर्ने काम भएको थियो (अनुसूची २)।

यसै दौरानमा, सो कार्यशालामा सहभागी जनमैत्री बहुमुखी क्याम्पस, काठमाडौँका अध्यापकहरूको निमन्त्रणामा मार्टिन चौतारीका अध्येता/सम्पादकहरूले सो क्याम्पसका फ्याकल्टीलाई सो क्याम्पसमा गएर २०७६ असार २८ (जुलाई १३, २०१९) मा "जर्नलमा प्राज्ञिक लेख लेखन" सम्बन्धी १ दिने तालिम दिए।

### *१.१.६। अन्य*

माथि उल्लेख गरिएबाहेक यस वर्ष निम्न विशेष कार्यक्रमहरू पनि आयोजना गरिए:

- **Literary Translation Workshop**; Facilitator: Prawin Adhikari, 18 and 25 September 2018
- **Seminar on 'Think Tanks in Nepal';** Panelists: Indra Adhikari, Institute of Foreign Affairs, Government of Nepal; Ajaya Dixit, ISET-Nepal; Hari Sharma, Alliance for Social Dialogue; 4 November 2018
- मार्टिन चौतारी स्थापना दिवसको उपलक्ष्यमा चियापान समारोह, २० नोभेम्बर २०१८ (१५० जना सहभागीको उपस्थिति)
- संघीयतामा विद्यालय शिक्षा : सरोकारवाला बीचमा अन्तरक्रिया *(एडुखबर डट कमसँगको सहकार्य); सहजकर्ता: श्रीधर पौडेल, एडुखबर डट कम; वक्ताहरू:* विद्यानाथ कोइराला, शिक्षाविद्; लक्ष्मीकिशोर सुवेदी, महासचिव, नेपाल शिक्षक महासंघ; गिरिराजमणि पोखरेल, शिक्षा मन्त्री; १७ अप्रिल २०१९
- **Women Researchers in Action in Nepal Studies Symposium**; 3 March 2019 [यो कार्यक्रम ६ ओटा विषयमा ६ जना अनुसन्धानकर्ताको प्रस्तुति सहित दुई ओटा सेसनमा विभाजित थियो; हेर्नुहोस् अनुसूची ३]
- **South Asian Studies in Chinese Universities**; **Speaker: Tansen Sen, Professor of History and Director of the Center for Global Asia, New York University (NYU) Shanghai; 25 June 2019.**

### **१.२। प्रकाशन**

यो आर्थिक वर्षमा एउटा पुस्तक *समाज अध्ययन*को एक अंक र *सिन्हास* जर्नलको तीन अंक गरी जम्मा पाँच ओटा पुस्तक प्रकाशन भए। त्यस्तै यस आ.व.मा दुइटा शोध-संक्षेप प्रकाशन गरिए। त्यसबाहेक गत वर्ष नै गरिएको शिक्षासम्बन्धी सर्वेक्षण अनुसन्धानको प्रतिवेदन प्रकाशनको अन्तिम चरणमा छ।

यो आ.व. मा प्रकाशन भएका पुस्तक, जर्नल र नीतिपत्र यसप्रकार छन् :

१. *समाज अध्ययन* (अंक १३, २०७५)। चूडामणि बस्नेत, देवराज हुमागाईं, देवेन्द्र उप्रेती, नीति अर्याल खनाल, प्रत्यूष वन्त, प्रमोद भट्ट, महेशराज महर्जन, लोकरञ्जन पराजुली र शेखर पराजुली, सं.

२. *Studies in Nepali History and Society,* June 2018, Vol 23, No 1, Pratyoush Onta, Mark Liechty, Seira Tamang, Tatsuro Fujikura, Lokranjan Parajuli and Yogesh Raj, eds.

३ . *Studies in Nepali History and Society,* June 2018, Vol 23, No 2, Pratyoush Onta, Mark Liechty, Tatsuro Fujikura, Lokranjan Parajuli, Yogesh Raj, Katherine Rankin, and Seika Sato, eds.

४. *Studies in Nepali History and Society,* June 2019, Vol 24, No 1, Pratyoush Onta, Mark Liechty, Tatsuro Fujikura, Lokranjan Parajuli, Yogesh Raj, Katherine Rankin, and Seika Sato, eds.

५. *Far Out: Countercultural Seekers and the Tourist Encounter in Nepal* (2019) by Mark Liechty (Chautari book Series-94)

६. शोध-संक्षेप २४: *संघीयता र विद्यालय शिक्षा* (जेठ २०७६)

७. Research Brief 25: *Institutional Assessment of Rights-based Advocacy in the Western Tarai* (June 2019)

निम्नलिखित पुस्तक, जर्नल तथा नीतिपत्रहरू भने यो वर्ष प्रकाशन गर्ने लक्ष्य राखिए पनि समयाभावका कारण आउँदो आ.व. का लागि स्थगित हुन पुगेका छन्ः

१. शैक्षिक संस्थाबाहिर ज्ञान उत्पादनको अवस्था (Knowledge Production beyond Academia)। यो पुस्तकका विभिन्न परिच्छेद सम्पादन तथा लेखकद्वारा परिमार्जनको प्रक्रियामा छन्।

२. *राजधानी* दैनिक र अन्य पत्रिकामा विभिन्न समयमा छापिएका इतिहासकार महेशराज पन्तका ऐतिहासिकहरू सम्बन्धी लेखहरूको संग्रह सम्पादन गरी लेखकलाई बुझाइएको छ । लेखकले सोमाथि थप काम गरेर फिर्ता गरेपछि आउँदो वर्ष प्रकाशन प्रकृयामा जानेछ ।

३. तेजरत्न कंसाकारका प्राज्ञिक लेखहरूको संग्रहको प्रारम्भिक कार्य भएको छ। लेखहरूको चयन प्रकृया सकिई टाइपिङको काम पनि सकिएको छ।

चौतारीले अनुसन्धान गरेका र तयार पारेका कतिपय सामग्री (खास गरी अनुसन्धान प्रतिवेदन र सन्दर्भसूची) मुद्रण नगरी वेबसाइटमा मात्र पनि प्रकाशन गर्ने गरिएको छ। यही आ.व. मा चौतारीको वेबसाइटमा राखिएका सन्दर्भसूची/लेखकसूची निम्नानुसार रहेका छन् :

Gyawali, Bandana. 2018. Bibliography of Early Twentieth Century Writings on Nepal. [version 1; 5 August].

Onta, Pratyoush, Andrew Nelson, Benjamin Linder and Mahesh Raj Maharjan. 2016. Some Recent Articles on Kathmandu: A Short Bibliography. [version 4; updated 17 February 2019]

महर्जन, हर्षमान। सन् २०१९। शिव रेग्मीका प्रकाशित पुस्तक : एक सूची। [version 1.0; 25 February]

## १.३। मार्टिन चौतारी पुस्तकालय

मार्टिन चौतारी पुस्तकालयमा यस आ.व.मा जम्मा ६१७ थान पुस्तकहरू खरिद गरिए । यस बाहेक यो वर्ष विभिन्न संघ संस्था र व्यक्तिहरूबाट उपहार स्वरूप ३४९ थान पुस्तक, शोधपत्र, अप्रकाशित प्रतिवेदन, आदि प्राप्त भए। यसरी हामीले यस वर्ष जम्मा ९६६ थान पुस्तक तथा अन्य सामग्रीहरू थप गर्न सफल भयौँ। साथै, नेपालको बजारमा उपलब्ध नहुने वा ढिलो आइपुग्ने आवश्यक पुस्तक बाहिरबाट नेपाल आउने चौतारीका शुभेच्छुकहरूलाई आग्रह गरी मगाउने गरिन्छ । यो वर्ष पनि नेपाल बाहिरबाट केही पुस्तक उपहारस्वरूप र केही खरिदमा चौतारी पुस्तकालयमा भित्रिएका छन् । यो वर्ष शिव रेग्मी, कमलप्रकाश मल्ल र विद्याविरसिंह कंशकारद्वारा आफूसँग भएका महत्त्वपूर्ण पुस्तक तथा अन्य सामग्री चौतारीको पुस्तकालयलाई उपहार दिनुभयो जसको सूची

बनाइसकिएको छ भने तिनको क्याटलग गर्ने कार्य चाहिँ बाँकी भएकाले माथि उल्लिखित यो वर्ष चौतारी पुस्तकालयमा थपिएका पुस्तकको संख्याभित्र यी सामग्री समावेश छैनन् । त्यस्तै, स्व. ईश्वर बराल (एलएस बराल) ले आफ्नो जीवनको विभिन्न कालखण्डमा लेखेका चिठीपत्रदेखि विभिन्न चरणका उनका लेख तथा पुस्तकका अप्रकाशित पाण्डुलिपिहरू उनका परिवारमार्फत यो वर्ष चौतारीमा आइपुगे । कोहा सफ्टवेयर मार्फत गरिएको क्याटलगिङको आधारमा अहिले पुस्तकालयमा क्याटलग भइसकेका पुस्तक तथा अन्य सामग्रीको संख्या जम्मा २०,२६९ छ । यसमा पुस्तकका साथै प्रतिवेदन तथा शोधपत्रहरू पनि पर्छन् । संकलित जर्नल तथा म्यागेजिन, स्मारिका आदि जस्ता सामग्रीहरूको पनि ठूलो संग्रह चौतारी पुस्तकालयमा छ तर ती यो संख्याभित्र पर्दैनन् ।

पुस्तकालयमा विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय जर्नलको संकलन कार्य पनि जारी छ । नेपाल बाहिरबाट प्रकाशित भएका ८३ नेपालबाट प्रकाशित ३६२ शीर्षकका जर्नलका कतिपय पूरै तथा कतिपयका केही अंकहरू पुस्तकालयमा उपलब्ध छन् । यो वर्ष केही नयाँ जर्नलहरूको अतिरिक्त हामीसँग पहिल्यै भएका जर्नलका हराएका र हामीसँग नभएका अंकहरूको संकलन कार्य निरन्तर रूपमा गरियो । अघिल्ला वर्षहरूमा झैँ यो वर्ष पनि निरन्तर रूपमा चौतारीमा संकलित विभिन्न म्यागजिनहरू बाइन्डिङको काम गरियो । चौतारी पुस्तकालयमा नियमित प्रकाशन भइरहेका तथा बन्द भइसकेका गरी ३८ शीर्षकका नेपाली म्यागेजिनहरू बाइन्डिङ गरी राखिएका छन् । हाल प्रकाशन भइरहेका नेपाल तथा बाहिरका ३० थरी म्यागेजिनहरू पुस्तकालयमा उपलब्ध गराइएको छ । पुस्तकालयमा संग्रहित नेपाली दैनिक अखबारमध्ये १४ नियमित प्रकाशन भइरहेका अखबार छन् भने केही बन्द भइसकेका वा अनियमित निस्किरहेका अखबार छन् । साप्ताहिकतर्फ २१ शीर्षकका नियमित अखबार संकलित छन् । यहाँ उपलब्ध दैनिक, साप्ताहिक, म्यागेजिन र जर्नलको छुट्टाछुट्टै सूची चौतारीको वेबसाइटमा पुस्तकालय पेज अन्तर्गत राखिएको छ ।

चौतारी पुस्तकालय आफैँले न्युज क्लिपिङ्सको काम निरन्तर रूपमा गर्दैआएको छ र यो वर्षमा पनि त्यो कामले निरन्तरता पायो । चौतारीका अनुसन्धानकर्ताहरूको आवश्यकतालाई ध्यान दिई केही अन्य नयाँ विषयका क्लिपिङ्सहरू बनाइयो । INGO/NGO, Dr. Govinda KC, Think Tank, Medical College, Earthquake, School Education, Higher Education, Technical Education, Kedar Bhakta Mathema, Library, आदिसँग सम्बन्धित पत्रपत्रिका, अनलाईन र म्यागेजिनमा आएका समाचार, लेखहरूको न्युज क्लिपिङ्स बनाएर पुस्तकालयमा राखिएको छ । त्यस्तै, महेशराज पन्त र रमेश ढुंगेलद्वारा विभिन्न मिडियामा लेखिएका लेखहरूको पनि चौतारीमा संग्रह छ ।  पछिल्ला वर्षहरूमा मार्टिन चौतारीले डिजिटल आर्काइभतर्फ पनि ध्यान दिइरहेको छ । दुर्लभ सामग्रीहरूको संरक्षण गर्नुका साथै चौतारीको भौतिक स्थान वर्षैपिच्छे साँघुरिँदै गएर स्थान अभाव भएका कारण पनि यतातर्फ लाग्नु बाध्यता बनिसकेको छ ।

डिजिटल सामग्रीलाई उपयुक्त किसिमले भण्डारण गर्न र चौतारीका अनुसन्धाताहरूलाई सहज रूपले उपलब्ध गराउन DSpace सफ्टवेयरको प्रयोग गर्न थालिएको छ । चौतारीमा भएका education, politics, gender, media, sociology, anthropology, आदि केही विषयका लेखहरू DSpace मा अपलोड गर्न थालिएका छन् । विभिन्न कारणले यो वर्ष धेरै सामग्रीहरू अपलोड गर्न नसकिए पनि आउँदो वर्ष यसलाई प्राथमिकतामा राखिने छ ।

***क्याटलग सुधार तथा अन्य काम***

हाम्रो अनलाइन क्याटालगमा पुस्तक तथा अन्य सामग्री प्रविष्टी गर्दा हुन पुगेका गल्तीहरू निरन्तर सुधार भएका छन् । नेपाली पुस्तकलाई रोमन नेपालीमा प्रविष्टी गरेका कारण त्यहाँ हिज्जे नमिलेर चाहिएको सामग्री खोज्दा नपाइने समस्याको निराकरणका लागि गत वर्षबाटै नेपाली किताबलाई नेपाली युनिकोडमा प्रविष्टी गर्न थालिएको छ । सो कार्य अहिले निरन्तर रूपमा चलिरहेको छ ।

पुस्तकालयका पुस्तक हराउने र यथा स्थानमा नभेटिने समस्या पनि बारम्बार दोहोरिने गरेको छ । त्यसैले दराजमा नदेखिएका पुस्तकहरूको सूची तयार गरी उक्त सूची चौतारीका सबै जनालाई देखाएर पुस्तकहरू खोजी गर्ने कार्य गरिएको छ । चौतारी पुस्तकालय क्याटालगको अनलाइन डाटाबेस नेपालमा अनलाइन सपोर्ट दिने टेक आउट सोलुसन प्रा.लि. काठमाडौँसँग डाटाबेस होस्टिङको सम्झौता निरन्तर नवीकरण गरिँदै आइएको छ । मदन पुरस्कार पुस्तकालयका साथीहरू राजीव सिंह र दीपक अर्यालसँग पुस्तकालयको

समीक्षाका बारे कुरा भएको थियो । सोही अनुरूप उहाँहरूलाई आवश्यक तथ्यांक उपलब्ध गराइएको थियो सोही अनुरूप उहाँहरूबाट सुझाव सल्लाह पनि पाइएको थियो ।

यो वर्ष ३० थान म्यागेजिनहरू बाइन्डिङ भएका छन् । दैनिक र साप्ताहिक पत्रपत्रिकाका लागि भने आवश्यकता अनुसारको फाइल किनी सोही फाइलमा फाइलिङ गर्ने गरिएको छ । त्यस्ता पत्रिकाहरू यो वर्ष साप्ताहिकतर्फ २० र दैनिक पत्रिकातर्फ १२० ओटा फाइलिङ गरी राखियो । यो वर्ष स्टक भेरिफिकेसन गर्ने काम पनि गरियो । स्टक भेरिफिकेसन गर्दा सीमित कल नम्बर र सीमित दराजमात्र नलिई पुरै लाइब्रेरीमा भएका सामग्रीहरूको भेरिफिकेसन गर्न थालियो । यो कार्य यस आर्थिक वर्ष समाप्त हुनुभन्दा ४ महिना अगाडिदेखि नै भएको थियो भने आउँदो वर्षको सुरुआतका केही महिना पनि यो जारी रहनेछ ।

***नयाँ भर्ना र इन्टर्नसिप***

यो वर्ष चौतारीको पुस्तकालयमा इन्टर्नका रूपमा सवष्ठ रौनियारलाई लिइयो । उहाँले मे १२, २०१८ देखि जुलाई ३०, २०१८ सम्म पुस्तकालयमा इन्टर्नशिप गर्नुभयो । इन्टर्नलाई पुस्तकालयमा स्क्यान गर्ने, सेल्भिङ गर्ने, बुककार्ड तयार गर्ने जस्ता काममा थोरै मात्र लगाइयो भने विभिन्न व्यक्तिहरूले उपहारस्वरूप दिएका पुस्तक तथा अन्य सामग्रीको सूची बनाउनमा नै उहाँको धेरै समय बित्यो । त्यसै गरी चौतारी पुस्तकालय सहित प्रशासनिक काममा इन्टर्नशिप गर्न विद्या विष्टलाई लिइयो । उहाँले जुलाई ९, २०१९ देखि दैनिक केही समय चौतारीको प्रशासन एकाई र केही समय पुस्तकालयमा दिइरहनुभएको छ । उहाँले पनि पुस्तकको सूची बनाउने र स्टक भेरिफिकेसनमा सहयोग गर्दै आउनुभएको छ ।

***प्रयोगकर्ता***

पहिलाको तुलनामा पुस्तकालयमा आउने पाठकहरूको संख्या बढिरहेको छ । पुस्तकालयमा राखिएको गेट रजिष्टरमा यो आ.व.मा २,१३३ जनाले आफ्नो नाम दर्ता गरेका छन् । यो गत वर्षको भन्दा करिब ५० प्रतिशतले बढी हो । पुस्तकालयले प्रदान गर्ने विभिन्न सेवामध्ये पत्रपत्रिकाका आर्काइभ हेर्न नाम दर्ता गर्ने प्रयोगकर्ताको संख्या ३५० भन्दा बढी छ । त्यस्तै गरी अध्ययन कक्षमा निःशुल्क उपलब्ध गराइने इन्टरनेट सेवा लिने २५० जना भए । प्रयोगकर्ता सबैले आफ्नो नाम दर्ता नगर्ने हुनाले यो संख्या यथार्थमा अझ बढी हुन जान्छ । यी सबै तथ्यांकमा चौतारीका सदस्य वा कर्मचारीले लिएको सेवा गणना गरिएको छैन । यो आ.व.मा चौतारीका कर्मचारी, अनुसन्धाता तथा सदस्यहरूले १,४६४ पुस्तक घर लगेर पढे ।

## २। अनुसन्धान

### २.१। राजनीतिक प्रवाह-पथ : लोकतन्त्र र शासनपद्धति

#### *२.१.१। पश्चिम तराईका स्थानीय अधिकारकर्मी तथा प्राज्ञिकहरूको क्षमता अभिवृद्धि कार्यक्रम (NED project)*

पश्चिम तराईका तीन जिल्ला नवलपरासी, रुपन्देही र कपिलवस्तुमा सामाजिक संघसंस्थामा रहेर अधिकारमूखी कार्यक्रम चलाइरहेका तथा प्राज्ञिक संस्थामा अध्यापन गरिरहेका व्यक्तिहरूलाई अनुसन्धान तथा लेखनको क्षमता विकास गर्न १ मे २०१७ देखि यो परियोजना सुरु गरिएको हो । नेशनल इन्डाउमेन्ट फर डेमोक्रेसी (NED) को आर्थिक सहयोगमा सञ्चालित यो परियोजना कपिलवस्तुमा अवस्थित मधेश मानवअधिकार गृह (माहुरी होम) सँगको साझेदारीमा सञ्चालन हुँदैआएको छ । सुरुमा ३० जुन २०१९ सम्म अर्थात् २६ महिनामा सम्पन्न गर्ने लक्ष्य राखेर दातृ संस्थासँग सम्झौता गरिएको थियो । यस परियोजना अन्तर्गत प्रकाशन गरिनुपर्ने दुई ओटा प्रकाशनलाई अन्तिम रूप दिन तथा प्रकाशन र वितरण गर्न समय अपुग भएको हुँदा थप ४ महिना (३१ अक्टोबर २०१९ सम्म) परियोजनाको समयावधि बढाइएको छ ।

यो परियोजनाको प्रमुख गतिविधिहरूमा पश्चिम तराईका उल्लिखित ३ जिल्लामा रहेका सामाजिक र प्राज्ञिक संस्थाहरूको संस्थागत क्षमताको लेखाजोखा गर्ने, १३ जना स्थानीय तहमा सक्रिय व्यक्तित्वहरूलाई उनीहरूले काम गरिरहेको विषय/क्षेत्रमा अनुसन्धान, लेखन तथा प्रस्तुतिको अभ्यासमा सरिक गराउँदै उनीहरूको अनुसन्धान क्षमता अभिवृद्धिमा सघाउने र उनीहरूले तयार

पारेका अनुसन्धान लेखनलाई सम्पादन गरी पुस्तकको रूपमा मार्टिन चौतारीद्वारा प्रकाशन गर्ने छन् । परियोजनाको मुख्य उद्देश्य अनुसार यसअन्तर्गत गरिने प्रमुख गतिविधि भनेको नै १३ जना व्यक्तिहरूको अनुसन्धान क्षमता अभिवृद्धि गर्नु नै हो । यसलाई चौतारीले "विशिष्ट अनुसन्धान अभिमुखीकरण कार्यक्रम" भनेको छ । जसअन्तर्गत तीन जिल्लामा सक्रिय अधिकारकर्मी तथा प्राज्ञिक क्षेत्रका व्यक्तिहरूमध्ये १३ जना छनोट गरी तिनलाई अनुसन्धानसम्बन्धी विभिन्न चरणका प्रशिक्षण दिने, हरेकलाई मेन्टर तोकी उनीहरूसँगको सल्लाह र सुझावमा अनुसन्धान गर्न लगाउने, आफ्नो अनुसन्धानमा आधारित लामो लेख (कम्तिमा ५००० शब्दको) लेखाउने र आवश्यकता अनुसार पुनर्लेखन र परिमार्जन गर्न लगाउँदै प्रकाशनयोग्य चरणमा पुऱ्याउने काम गर्नुपर्ने थियो ।

गत आ.व. को अन्तिम त्रैमासिकमा सुरु भए तापनि यो परियोजनाको प्राय: क्रियाकलाप यसै आ.व. मा भएका छन् । गत आ.व. मा तीन जिल्लामा स्थलगत अनुसन्धान गरी त्यहाँका सामाजिक र प्राज्ञिक संस्थाहरूको संस्थागत क्षमता मूल्यांकन गर्न अनुसन्धान गरिएको थियो । त्यसै अनुसन्धानका क्रममा यस परियोजना अन्तर्गत क्षमता अभिवृद्धिका लागि छनोट गर्न सकिने सम्भावित झन्डै तीन दर्जन अधिकारकर्मी तथा प्राज्ञिक व्यक्तिहरूसँग उनीहरूले गरिरहेका काम र उनीहरूको शैक्षिक, सामाजिक पृष्ठभूमि बुझ्न मार्टिन चौतारीका अनुसन्धानकर्ता एवं माहुरी होमका कर्मचारीद्वारा कुराकानी गरिएको थियो । त्यसपश्चात् ती तीन जिल्लालाई आधार बनाएर काम गरिरहेका अधिकारकर्मी तथा प्राज्ञिक व्यक्तिहरूलाई लक्षित गरी मार्टिन चौतारीले विशिष्ट अनुसन्धान अभिमुखीकरण कार्यक्रमका लागि आवेदन दिन गत आ.व. मा नै सूचना निकालेर सोबाट सुरुमा २२ जना आवेदक छनोट गरेको थियो । ती २२ जनालाई १५ देखि २० जुन २०१८ मा कपिलवस्तुमा विविध समसामयिक मुद्दाबारे परिचित गराउने उद्देश्यले कार्यशाला आयोजना गरियो । त्यसअघि नै छनोटमा परेका आवेदकहरूलाई ७ पृष्ठको स्रोत सामग्री सूची सहितको विभिन्न ११ ओटा समसामयिक राजनीतिक, सामाजिक, सांस्कृतिक, भाषिक र क्षेत्रीयता सम्बन्धित पठन सामग्री उपलब्ध गराइएको थियो । सो कार्यशालामा मार्टिन चौतारीका अनुसन्धाताका साथै विश्लेषकहरू सीके लाल, राजेन्द्र महर्जन र चन्द्रकिशोरलाई स्रोत व्यक्तिका रूपमा निम्त्याइएको थियो । कार्यशालामा प्रत्येक दिनको अन्त्यमा छनोटमा परेका आवेदकहरूलाई आफूले गरिरहेको काम र प्रस्तावित अनुसन्धानको अवधारणा पनि संक्षेपमा प्रस्तुत गर्न लगाइएको थियो । सोही प्रस्तुति तथा कार्यशालाभरि सहभागीहरूले देखाएको उत्साह एवं तत्परताका आधारमा अन्तिम १३ जना प्रशिक्षार्थी अनुसन्धानकर्ता छनोट गरियो (छनोट भएका व्यक्ति, उनीहरूले गर्ने अनुसन्धानको विषय र सम्बन्धित मेन्टरको नाम अनुसूची ४ मा दिइएको छ) । ती १३ जना अनुसन्धानकर्ताहरू नै यस क्षमता अभिवृद्धि परियोजनाका लक्षित सहभागी थिए । उनीहरूसँग १७ जुलाई २०१८ देखि २९ मार्च २०१९ (१ साउन २०७५ देखि १५ चैत २०७५ सम्म) को सम्झौता गरिएको थियो । यस अवधिमा ती प्रशिक्षार्थी अनुसन्धानकर्ताहरूलाई थप दुई चरणको अनुसन्धान तथा लेखनसम्बन्धी तालिम दिइयो भने उनीहरूले लेखेका अनुसन्धानमूलक लेखहरूलाई मेन्टर तथा सम्पादकहरूको सहयोगमा परिमार्जन गराउने काम भइरहेको छ । सहभागी प्रशिक्षार्थी अनुसन्धानकर्तामध्ये ९ जनाले आफ्नो लेखको अन्तिम मस्यौदा बुझाइसकेका छन् भने अन्यको लेख परिमार्जनकै क्रममा छ । अन्तिम मस्यौदाहरूको सम्पादन कार्य चौतारीका महेशराज महर्जन एवं बाह्य सम्पादक राजेन्द्र महर्जनबाट भइरहेको छ ।

यस परियोजनाको उपजका रूपमा दुई ओटा शोध-संक्षेप तथा एउटा सम्पादित पुस्तक रहेका छन् जसमध्ये एउटा शोध-संक्षेप Institutional Assessment of Rights-based Advocacy in the Western Tarai प्रकाशित भइसकेको छ । यसको नेपाली अनुवाद गरी आउँदो वर्षको सुरुमै प्रकाशन गरिनेछ । त्यस्तै, दोस्रो शोध-संक्षेप Barefoot Research Initiative बारे लेखिँदै छ । खास गरी चौतारीले छनोट गरेका प्रशिक्षार्थी अनुसन्धानकर्ताहरूको क्षमता अभिवृद्धि गर्ने क्रममा गरेका प्रयासलाई नै अनुसन्धानको विषय बनाएर लेखिएको शोध-संक्षेप हो यो । यसको पहिलो मस्यौदा तयार भइसकेको छ भने यो असोज २०७६ भित्रमा प्रकाशन भइसक्नेछ । छनोट भएका १३ जना प्रशिक्षार्थी अनुसन्धानकर्ताहरूले तयार पारेका लेख संग्रहित गरी निकालिने पुस्तक २०१९ को नोभेम्बर भित्रमा प्रकाशन हुनेछ ।

प्रशिक्षार्थी अनुसन्धानकर्ताहरूको क्षमता अभिवृद्धिका लागि दोस्रो र तेस्रो कार्यशाला/तालिमहरू पनि यस आ.व. मा सञ्चालन गरिए । दोस्रो कार्यशाला ५-६ डिसेम्बर २०१८ मा तौलिहवामा सम्पन्न भएको थियो । सो कार्यशालामा चौतारीका मेन्टरहरूले प्रशिक्षार्थी अनुसन्धानकर्ताका प्रारम्भिक मस्यौदा पढेका आधारमा उनीहरूको अनुसन्धानमा अपुग विषयहरू के के थिए भन्नेबारे दुई दिनसम्म सुझाव र आवश्यक तालिम दिएका थिए । यसको उद्देश्य सबै अनुसन्धानकर्ताहरूले अनुसन्धानका क्रममा सामना गरेका चुनौतीहरूलाई एकै ठाउँमा राखेर छलफल गरी उचित सुझाव र सल्लाह प्रदान गर्नु थियो । यसमा चौतारीका तीन जना मेन्टरहरू

(सोहनप्रसाद साह, वन्दना ज्ञवाली र महेशराज महर्जन) स्वयं उपस्थित थिए भने अन्य मेन्टरले उपलब्ध गराएका विभिन्न अनुसन्धानकर्ताहरूका सुझाव पनि त्यहाँ उपस्थित मेन्टरले नै छलफलका क्रममा राखेका थिए। यस कार्यशालाबाट आफ्ना अनुसन्धान तथा प्रारम्भिक मस्यौदा तयारीका क्रममा भएका कमीकमजोरी र त्यसमा गर्नुपर्ने सुधारका बारे थाहा पाउन अनुसन्धानकर्ताहरूलाई मद्दत मिलेको थियो।

तेस्रो कार्यशाला भने पहिलो र दोस्रो भन्दा भिन्न तरिकाले आयोजना गरियो। खास गरी परियोजनामा सहभागी प्रशिक्षार्थी अनुसन्धानकर्ताहरूले आफ्नो अनुसन्धानमा आधारित पूर्ण मस्यौदा तयार पारिसकेको अवस्थामा ती मस्यौदा लेखनका क्रममा देखिएका समस्याहरू उदाहरणका लागि तथ्यांकको प्रस्तुति, लेखको संरचना, सन्दर्भ उल्लेख गर्ने तरिका, सम्पादन, आदि पक्षबारे हरेक अनुसन्धानकर्तालाई छुट्टाछुट्टै राखेर सिकाउनु थियो। उनीहरूले लेखेकै मस्यौदालाई अगाडि राखेर छलफल गर्ने र त्यसमा भएका गल्ती वा कमजोरी औँल्याएर सुझाव दिँदै सँगसँगै परिमार्जन गराउने काम यो कार्यशालाका क्रममा भयो। यो कार्यशाला काठमाडौँमा भएका कारण आफ्नो समय अनुकुल पारेर अनुसन्धानकर्ताहरू काठमाडौँ आउने तथा मेन्टर र सम्पादक समेत सहभागी भएर अनुसन्धानकर्ताहरूलाई सुझाव दिने तथा सिकाउने काम गरियो।

परियोजनाको लक्षित क्रियाकलापमा उल्लेख भएअनुसार प्रशिक्षार्थी अनुसन्धानकर्ताहरूले गरेका अनुसन्धानको नतिजा सार्वजनिक गर्न एउटा कार्यशाला यसै वर्ष सम्पन्न भयो। तौलीहवामा २८-२९ जुन २०१९ मा यो कार्यशाला आयोजना गरिएको थियो। कार्यशालामा १३ मध्ये १२ जना अनुसन्धानकर्ताहरूले आफ्नो प्रस्तुति दिएका थिए भने एक जना अनुसन्धानकर्ता स्वास्थ्य समस्याका कारण उपस्थित हुन सकेनन्। यद्यपि १३ जनाकै अनुसन्धान पत्र १३ जना सम्बन्धित क्षेत्रका विज्ञहरूलाई पढ्न दिएर कार्यशालामा टिप्पणी गराइएको थियो (अनुसूची ५)। अनुसन्धानकर्ता र टिप्पणीकर्ता बाहेक मार्टिन चौतारीका ५ जना मेन्टर तथा स्थानीय केही सरोकारवालाहरू सो कार्यक्रममा उपस्थित थिए।

### *१.१.२। युद्धदेखि शान्ति सम्मको संक्रमण (Borderland Research Project)*

मार्टिन चौतारीले स्कूल अफ ओरियन्टल एन्ड अफ्रिकन स्टडिज (सोआस) सँगको सहकार्य र इकोनोमिक एण्ड सोसियल रिसर्च काउन्सिलको आर्थिक सहयोगमा डिसेम्बर २०१५ देखि सुरु गरेको Borderlands, Brokers and Peacebuilding in Sri Lanka and Nepal: War to Peace Transitions Viewed from the Margins" नामक परियोजना सुरुमा सम्झौता गरिएको भन्दा एक वर्ष समय थप गरी नोभेम्बर २०१८ मा समापन भयो। साथै, समाजकल्याण परिषद् बाट यस परियोजनाको अनुगमन तथा मूल्यांकन समेत सम्पन्न भई त्यसको प्रतिवेदन प्राप्त भइसकेको छ।

यस परियोजना अन्तर्गत अगस्त २०१८ को अन्तिम हप्तामा सप्तरीको राजविराज र वर्दियाको गुलरियामा अनुसन्धानको नतिजा स्थानीय सरोकारवालाहरूको सहभागितामा सार्वजनिक गर्ने कार्यक्रम सम्पन्न भयो। त्यस्तै, गत वर्ष नै तयार पारिएको परियोजनाले समेटेका ४ ओटा जिल्ला (सप्तरी, वर्दिया, डोल्पा र मुगु) का भिन्नाभिन्नै जिल्ला नक्सांकन (District Profile) आवश्यक सम्पादन सहित प्रतिवेदनका रूपमा मार्टिन चौतारीको वेबसाइटमा राखियो। त्यस्तै, अनुसन्धानमा समेटिएका जिल्लाहरूमा गरिएका पाँच ओटा भिन्ना भिन्नै अध्ययनका आधारमा ५ ओटा अनुसन्धान पत्रहरू मार्टिन चौतारीका अनुसन्धानकर्ताहरूद्वारा तयार पारिएको थियो। जसमध्ये एउटा अनुसन्धान पत्र प्रकाशन भइसकेको छ भने बाँकी परिमार्जन वा सम्पादनको विभिन्न चरणमा रहेका छन्। त्यस्तै, यस परियोजना अन्तर्गत अध्ययन गरिएका १२ जना मध्यस्थकर्ताहरू (Borderland Brokers) को जीवनी समेटिएको पुस्तक "Negotiating political space in the post 1990s Nepal: Stories from the Margin" को पाण्डुलिपि तयार पारिएको छ। यो पुस्तक सम्पादनको काम भइरहेको छ। आउँदो डिसेम्बर सम्ममा यो पुस्तक प्रकाशन भइसक्नेछ। यीबाहेक चौतारीका अनुसन्धानकर्ताहरू समेतले संकलन गरेका तथ्यांकमा आधारित भई परियोजनामा सहकार्य गर्ने विदेशी संस्थाका अनुसन्धानकर्ताहरूले लेखेका तल उल्लिखित कमिक पुस्तक तथा अनुसन्धान लेख पनि प्रकाशित भएका छन्।

यस परियोजना अन्तर्गत तयार पारिएका लेख/प्रतिवेदन/पुस्तक यसप्रकार छन् :

Karna, Sujeet, Sangita Thebe Limbu, Kalpana Jha and Bhawana Olee. 2018. *Borderlands Brokers: War to Peace Transition in Nepal (District Maping Papers: Bardiya, Dolpa, Humla and Saptari)*. Kathmandu:

Martin Chautari. Available at: http://www.martinchautari.org.np/files/Borderlands-Brokers-War-to-Peace-Transition-in-Nepal.pdf.
Karn, Sujeet, Sangita Thebe Limbu and Kalpana Jha. 2018. 2017 Local Elections in Madhes: Discussions from the Margins. *Studies in Nepali History and Society* 23(2): 277–307.
Goodhand, Jonathan and Oliver Walton. 2018. *Living on the Margins: the role of borderland brokers in post-war transitions (In English, Nepali and Maithali).* London and Kathmandu: SOAS, Martin Chautari and others.
Goodhand, Jonathan and Oliver Walton. 2019. Marginal Gains: Borderland Dynamics in Post-War Nepal. In *The Politics of Change: Reflections on Contemporary Nepal.* Deepak Thapa, ed. Kathmandu: Himal Books.
Karna, Sujeet. 2018. Post-war political mobilization and borderland brokers in Nepal's Madhesh. (Draft)
Karn, Sujeet and Ankalal Chalaune. 2018. Western Northern Frontier, possibilities and prospects – a case of post 2007 Dolpa, Nepal. (Draft)
Karn, Sujeet. 2018. Complex and contested Post War transition and transformations – a case of Dalla village of Bardiya. (Draft)
Karn, Sujeet and Ankalal Chalaune. 2018. Connectivity in Northern Borderland: A Case of Jajarkot-Dolpa Road construction. (Draft)
Karn, Sujeet, et al, eds. 2019. Negotiating political space in the post 1990s Nepal: Stories from the Margin. (Book manuscript).

## २.२। ज्ञान उत्पादन र वितरण

### *२.२.१। मिडिया/सर्वसंयोजकता (Universal Connectivity) अनुसन्धान*

मार्टिन चौतारीले २०७१/७२ देखि नै फोर्ड फाउण्डेसनको आर्थिक सहयोगमा इन्टरनेटसँग सम्बन्धित अनुसन्धान कार्य गर्दैआएको छ। पहिलो चरणमा अप्रिल २०१४ देखि नोभेम्बर २०१६ सम्म इन्टरनेटको पहुँच र प्रयोगसम्बन्धी अनुसन्धान परियोजना सञ्चालन भई सम्पन्न भएको थियो। दोस्रोचरण अन्तर्गत १ डिसेम्बर २०१६ देखि २ वर्षका लागि 'Framing Pathways to IT Infrastructure Development in Nepal' नामक परियोजना कार्यान्वयन हुँदैआएको थियो। यद्यपि सुरुमा निर्धारित अवधिभन्दा छ महिनाको समय थप गरी ३१ मे २०१९ मा यो परियोजना सम्पन्न भएको छ। यो परियोजना अन्तर्गत गरिनुपर्ने सबै अनुसन्धान पूरा भई तोकिएको विषयमा शोध-संक्षेप तथा अनुसन्धानमूलक लेखहरू तयार गरिएको  छ। यस आ.व. मा भएका कार्य प्रगतिलाई निम्नानुसार अनुसन्धान, प्रकाशन, कन्फरेन्स-सेमिनार-छलफल गरी छुट्टाछुट्टै उपशीर्षकमा चर्चा गरिएको छ:

***अनुसन्धान***

यस आर्थिक वर्षमा परियोजना अन्तर्गत गत वर्ष नै सुरु गरिएका तीन प्रकारका अनुसन्धानले निरन्तरता पाए भने यस वर्ष चौथो अनुसन्धान सुरु गरियो। पहिलो, स्थलगत अनुसन्धान। दोस्रो, सार्वजनिक रूपमा उपलब्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथ्यांकमा आधारित रहेर गरिएको अनुसन्धान। तेस्रो, राष्ट्रिय अभिलेखालयमा उपलब्ध सामग्रीमा आधारित रहेर गरिएको अनुसन्धान। र चौथो, सार्वजनिक बहस र प्रकाशित लेख-रचनाका आधारमा नेपालमा स्मार्ट सहरको अवधारणाबारेको अनुसन्धान।

स्थलगत अनुसन्धान तीन सर्वेक्षण क्षेत्रमा केन्द्रित रह्यो, ती हुन्: चाँगुनारायण नगरपालिका, पनौती नगरपालिका र कास्की जिल्लामा रहेको ताङतिङ गाउँ। अनुसन्धान क्षेत्रमा दुई बेग्ला बेग्लै सर्वेक्षण गरियो। पहिलो सर्वेक्षणको उद्देश्य स्थानीयवासीको सूचना प्रविधिसम्बन्धी क्रयशक्तिको अनुमान गर्नु थियो। दोश्रो सर्वेक्षणको लक्ष्य स्थानीयवासीको सूचना प्रविधि सम्बन्धी सीपबारे थाहा पाउनु

थियो। यस अनुसन्धानमा स्थानीय साझेदार संस्थाहरू (प्रगतिशिल महिला समाज, चाँगु; नसंचा पुचः, पनौती र हिमालय मिलन मा.वि., ताङतिङ) ले मद्दत गरेका थिए।

सर्वसंयोजकताका अनुसन्धाताले सार्वजनिक तथ्याङ्कमा आधारित रहेर दुइटा अनुसन्धान सम्पन्न गरे। पहिलो अनुसन्धानले नेपालमा सूचना-प्रविधिका सामग्री आयातको दुइ दशक लामो तथ्यांक केलाएर सूचना प्रविधिका नीतिहरू किन प्रभावकारी रहेनन् भन्ने मत प्रस्तुत गर्‍यो। दोस्रो अनुसन्धानले युरोपेली राष्ट्रमा सूचना प्रविधिको पहुँच र सीपसम्बन्धी तथ्यांकलाई आधार मानेर डिजिटल डिभाइडको मापन गर्ने नयाँ पद्धतिको प्रस्ताव गर्‍यो। सार्वजनिक तथ्यांकमा आधारित अनुसन्धानको जिम्मेवारी शैलेश बहादुर पाण्डे र निश्चल रेग्मीले लिनुभएको थियो।

परियोजना अन्तर्गत राष्ट्रिय अभिलेखालयमा उपलब्ध सामग्रीको आधारमा राणाकालमा टेलिफोन र विद्युतीय पूर्वाधारको विस्तार कसरी भएको थियो भन्ने अनुसन्धान गरिएको छ। यस अनुसन्धान चौतारीका अनुसन्धाता वन्दना ज्ञवालीले गर्नुभएको हो। त्यसै गरी, स्मार्ट सिटीको बहसबारे हर्षमान महर्जनले अनुसन्धान गर्नुभएको छ।

परियोजना अन्तर्गत भएका सबै अनुसन्धानको नतिजा भिन्ना-भिन्नै माध्यमबाट प्रकाशित भएका छन्। यसको विवरण आउँदो खण्डमा दिइएको छ।

***प्रकाशन***

यस आर्थिक वर्षमा अनुसन्धान अन्तर्गत निम्न शीर्षकका शोध-संक्षेप तथा लेखका मस्यौदा तयार गरिएका छन् :

- To Access is to Benefit: Making Sense of the Enterprise of Access to the Internet (Research Brief)
- The Uses of Telephones and Electricity in Early Twentieth Century Nepal (Research Brief)
- Smart Cities initiatives in Nepal: Need for more public deliberations (Article draft)

त्यसै गरी, अनुसन्धानको उपजस्वरूप दुई ओटा अनुसन्धानमूलक लेख तयार भएका छन्। तल उल्लेख गरिएझैँ पहिलो लेख Sage Publications को जर्नल Science, Technology, and Society मा प्रकाशनको लागि स्वीकृत भइसकेको छ। दोस्रो लेख चाहिँ Sage Publications अन्तर्गतकै अर्को जर्नलमा प्रकाशित हुने सिलसिलामा पियर रिभ्युको चरणमा छ। ती लेखहरू निम्नानुसार छन् :

- Pandey S., and Regmi, N. 2019. If You Build It, Will They Come? Exploring Narratives That Shape the Internet in Nepal. *Science Technology and Society.* Sage. (Accepted, and in press).
- Regmi N., and Pandey, S. B. 2019. Digital Inequality in Europe: Biological Diversity Measures to Study the Digital Divide. Under second-round of revision for the Sage Journal *Social Science Computer Review.*

शोध-संक्षेप र अनुसन्धानमूलक लेखबाहेक पत्रपत्रिकामा निम्न दुइटा छोटा लेख प्रकाशित भएका छन् :

- Pandey, Shailesh B. 2018. Access and the Internet: Clearing up four Misconceptions about Digital Connectivity in Nepal. *The Kathmandu Post*. 15 August, p. 6.
- Maharjan, Harsha Man. 2019. Issues On Smart Cities. *The Rising Nepal*. 6 July, p. 4.

मार्टिन चौतारीले सर्वसंयोजकताबारे पछिल्लो पाँच वर्षदेखि गर्दैआएको अनुसन्धानका नतिजालाई एकत्रित गरेर पुस्तकका रूपमा निकाल्ने योजना अनुसार काम भइरहेको छ। सो पुस्तकको प्रारम्भिक खाका सहित पहिलो मस्यौदा लगभग तयार भएको छ।

***सम्मेलन, कार्यशाला र छलफल***

यस आर्थिक वर्ष सूचना प्रविधि सम्बन्धी देशभित्र र बाहिर भएका सम्मेलन र छलफलमा चौतारीका अनुसन्धानकर्ताहरूले आफ्नो अनुसन्धानमा आधारित प्रस्तुति दिनुभयो। यसै क्रममा २०१८ को अगस्ट २९ देखि सेप्टेम्बर १ सम्म अस्ट्रेलियाको सिड्नीमा Societies for Social Studies of Science (4S) ले आयोजना गरेको वार्षिक सम्मेलनमा चौतारीका दुई जना अनुसन्धाताले प्रस्तुति दिनुभयो। सो सम्मेलनमा निश्चल रेग्मीले "Exploring Narratives That Shape the Internet in Nepal" र सोहन प्रसाद साहले "Dealing with Shortage, Overflow and Containment of 'Information' when Disaster strikes: Case of Nepal's 2015 Earthquake and its Responses" शीर्षकका प्रस्तुति दिनुभएको थियो।

मार्टिन चौतारीले २२-२३ अप्रिल २०१९ मा आयोजना गरेको वार्षिक सम्मेलनमा Universal Connectivity: Historical and Recent Case Studies of Technology Access शीर्षकको छुट्टै प्यानल समावेश गरिएको थियो (अनुसूची १)। सो प्यानलमा वन्दना ज्ञवालीले "Elite Access or 'Public Service': Telephone and Electricity Distribution in Rana Nepal", हर्षमान महर्जनले " Ethics of Information Abundance: Recycling Nepali Newspaper Archive Content on Social Media", र निश्चल रेग्मी र शैलेश बहादुर पाण्डेले "On Affordability and Digital Skills: Reflections from Benchmarking Field Surveys" शीर्षकमा आफ्ना अनुसन्धानमा आधारित प्रस्तुति राख्नुभयो।

त्यसै गरी स्थलगत अनुसन्धानबाट प्राप्त नतिजालाई लिएर यस परियोजनाको क्षेत्रहरूमा सरोकारवालाहरूबीच अन्तर्क्रिया गर्ने उद्देश्य लिएर ३ ओटा कार्यशाला यस वर्ष आयोजना गरियो। पहिलो कार्यशाला पनौतीमा १७ मे २०१९ मा गरियो। उक्त कार्यशालामा २९ पुरुष र १८ महिलाको सहभागिता रह्यो। दोस्रो कार्यशाला २५ मे २०१९ मा चाँगुमा सम्पन्न भयो जसमा १२ महिला र ११ जना पुरुषको सहभागिता थियो। तेस्रो कार्यशाला अर्को अनुसन्धान क्षेत्र कास्कीको ताङतिङमा २९ मे २०१९ मा आयोजना गरियो जसमा ८ जना पुरुष र १२ जना महिलाको सहभागिता रह्यो।

यस वर्ष भौतिक तथा सूचना प्रविधि पूर्वाधारसँग सम्बन्धित निम्न छलफल भए :

- **स्मार्ट शहर तर्फको यात्रा र यसका चुनौती;** वक्ताहरू: सरोज बस्नेत, उपाध्यक्ष, काठमाडौँ महानगरपालिका शहरी योजना आयोग; सञ्जय उप्रेती, सहप्राध्यापक, वास्तुकला तथा शहरी योजना विभाग, इन्जिनियरिङ अध्ययन संस्थान, त्रिवि; र असोज कुमार महर्जन, केन्द्रीय सदस्य, नेपाल सांस्कृतिक पुनर्जागरण अभियान, ४ असार २०७६।
- **Digital Transition of a Public News Media:** A Case of Gorkhapatra Corporation; Speaker: Harsha Man Maharjan, Researcher, Martin Chautari; 24 Baisakh 2076
- **Cycle City by Design: A Case of Kathmandu**; Speaker: Som Raj Rana, Urban Designer/Architect; 22 Poush 2075
- **Policy and Standard vs. Practice:** A Case Study of Urban Roads in Kathmandu Valley; Speaker: Keshab Sharma, PhD candidate University of Alberta and Apil KC, Urban Planner; 29 Saun 2075

***२.२.२। शिक्षा अनुसन्धान***

२.२.२क। नेपालमा उच्चशिक्षा सुधारबारे सार्वजनिक बहसको प्रवर्द्धन

मार्टिन चौतारीले नेपालको उच्च शिक्षा सुधारबारे सार्वजनिक बहस एवं अनुसन्धान अगाडि बढाउँदै आएको छ। विगतका वर्षझैँ चौतारीले यस वर्ष पनि उच्च शिक्षाकेन्द्रित विभिन्न अनुसन्धान तथा छलफललाई निरन्तरता दियो। उच्च शिक्षाबारे यस आर्थिक वर्षमा भएका गतिविधि (अनुसन्धान, प्रकाशन र छलफल) तल दिइएको छ। प्रकाशित सामग्रीमध्ये यसभन्दा अघि सुरु गरिएकै अनुसन्धानको निरन्तरता थिए भने केही यस वर्षमै गरिएका हुन्।

*प्रकाशन*


पराजुली, लोकरञ्जन। २०७५। विश्वविद्यालयमा सत्ताग्रहण ! *कान्तिपुर,* १९ चैत, पृ. ६।

पराजुली, लोकरञ्जन। २०७५। खुल्न नसकेको एउटा विश्वविद्यालय। *नयाँ पत्रिका,* ८ माघ, पृ. ७।

पराजुली, लोकरञ्जन। २०७५। विश्वविद्यालय स्थापनाको राणाकालीन पृष्ठभूमि। *नयाँ पत्रिका,* ७ फागुन, पृ. ७।

पराजुली, लोकरञ्जन। २०७५। विद्यावारिधि शोधको गुणस्तर। *कान्तिपुर,* ११ कार्तिक, पृ. ७।

उप्रेती, देवेन्द्र र प्रत्यूष वन्त। २०७५। अनुदान आयोग कि नियन्त्रित 'उच्च शिक्षा' आयोग ? *शिक्षक मासिक* ११(१२३) : ४०-४३।

उप्रेती, देवेन्द्र र प्रत्यूष वन्त। २०७५। एकीकृत सेवा आयोगः विश्वविद्यालयका लागि गलत। *नेपाल* १९(२७) : ३६-३७।

उप्रेती, देवेन्द्र र लोकरञ्जन पराजुली। २०७५। प्राज्ञिक अनुसन्धान किन कमजोर ? *नागरिक,* ७ असोज, पृ. ७।

उप्रेती, देवेन्द्र । २०७५। मन्त्रालयपिच्छे किन विश्वविद्यालय ? *नेपाल* १९(७) : १६-१७।

वन्त, प्रत्यूष। २०७५। त्रिविको कुनै पनि समय स्वर्णयुग रहेन (अन्तर्वार्ता)। *नयाँ पत्रिका,* २ असोज, पृ. ५।

Onta, Pratyoush. 2018. 'Locating' the Missing History Students. *The Kathmandu Post,* 30 September.

Parajuli, Lokranjan. 2019. A University for the Nation's Survival? A History of the University that Did Not Become. *Studies in Nepali History and Society* 24(1): 143–170.


यीबाहेक, लोकरञ्जन पराजुलीले स्नातकोत्तर (समाजशास्त्र) तहमा लेखिने शोधपत्रबारे, प्रत्यूष वन्तले समाजशास्त्र/मानवशास्त्र विधामा प्रकाशित भएका जर्नलबारे र देवेन्द्र उप्रेती (ओविन्द्र ब. चन्द सहित) ले पब्लिक हेल्थ विषयमा समाजशास्त्रको शिक्षणबारे अनुसन्धान लेख तयार गर्नुभएको छ। यी लेख आउने वर्ष चौतारीका सदस्यद्वय प्रणव खरेल र गौरव केसीद्वारा सम्पादित भइरहेको पुस्तकमा समाविष्ट हुनेछन्। यो पुस्तक काठमाडौँको कुनै व्यावसायिक प्रकाशन संस्थाबाट प्रकाशन गर्ने सम्पादकहरूको योजना छ। यसै गरी २१-२३ अप्रिल २०१९ मा आयोजित चौतारी वार्षिक सम्मेलन २०१९ मा "Shifting Universities: Comparative University Studies in Nepal and the Rupture between Ideal-Actual Universities" विषयक प्यानल छलफल आयोजना गरिएको थियो। यस प्यानल छलफलमा नर्थ बङ्गाल विश्वविद्यालयका प्राध्यापक स्वतसिद्ध सरकार, सिक्किम विश्वविद्यालयका प्रियंका चटर्जी, दुव्भगिरी महिला महाविद्यालयकी देवरती दत्तले बोल्नुभएको थियो। त्यसै गरी, सोही सम्मेलनमा त्रिभुवन विश्वविद्यालयका उप-प्राध्यापक प्रेम फ्याकले "भागवण्डा विश्वविद्यालयमा प्राज्ञिक जीवन" शीर्षकमा प्रवचन दिनु भएको थियो।

आर्थिक वर्ष २०७५/७६ मा उच्च शिक्षा अन्तर्गत निम्न छलफलहरू सम्पन्न भए :

- **संघीय नेपालमा विश्वविद्यालय**; वक्ता: कृष्ण खनाल, राजनीतिशास्त्री/प्राध्यापक, त्रिभुवन विश्वविद्यालय; २७ साउन २०७५
- **How to Write Anthropology?** Speaker: Tina Shrestha, Assistant Professor, WIAS, Waseda University, Tokyo; 10 Chait 2075
- **Gender Parity in Academia, Deconstructing different Dimensions;** Speaker: Dyuti Baral, Adjunct Faculty, South Asian Institute of Management (SAIM); 29 Baisakh 2076
- **Science Writing for Journals: Don't Make It Sensational**; Speaker: Dr. Buddha Basnyat, Patan Academy of Health Sciences; 22 Magh 2075
- **के इतिहास पढ्ने विद्यार्थीको संख्या घटेकै हो ? नेपाली इतिहास विषयको अनुसन्धान खस्केकै हो** ? वक्ता**:** प्रत्यूष वन्त, मार्टिन चौतारी; १२ असोज २०७५

२.२.२ख। नेपालको शिक्षा क्षेत्रमा सार्वजनिक वित्तको गतिशीलतासम्बन्धी परियोजना (Locating Public Finance Dynamics in Education in Nepal)

DFC को आर्थिक सहयोगमा सञ्चालित यस परियोजना अन्तर्गत यो आर्थिक वर्ष गत वर्ष गरिएको 'नेपालका सार्वजनिक विद्यालयमा शिक्षण र गभर्नेन्स सम्बन्धी सर्वेक्षण २०७४' बाट प्राप्त तथ्यलाई प्रशोधन, सम्पादन र विश्लेषण गरी प्रतिवेदन तयार पारियो । साथै, सर्वेक्षणमा आधारित रहेर विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिकामा लेख समेत लेखियो (हेर्नुहोस् सूची तल) । साथै, संघीयतामा विद्यालय शिक्षालाई कसरी व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा शिक्षक संघ/संगठन, संघीय पदाधिकारी र स्थानीय सरकारका जनप्रतिनिधि (संघीय र स्थानीय सरकार) बीचमा देखिएका दरार र 'कन्फ्युजन'बारे 'संघीयता र शिक्षा'सम्बन्धी शोध-संक्षेप तयार गरियो । उक्त शोध-संक्षेप सरोकारवाला निकाय समक्ष बाँड्ने काम पनि भयो । साथै, संघीय संरचनामा विद्यालय शिक्षाको गभर्नेन्स प्रक्रियामा देखिएका चुनौतीलाई लिएर देवेन्द्र उप्रेती र लोकरञ्जन पराजुलीले केही समयदेखि अनुसन्धान गरिरहेका छन् । उक्त अनुसन्धान लेख *समाज अध्ययन* १४ मा प्रकाशित गर्ने लक्ष्य राखिएको छ । यसै परियोजना अन्तर्गत सोहनप्रसाद साहले प्राविधिक शिक्षाको अर्थ राजनीतिबारे अनुसन्धान लेख तयार गर्नुभयो । साथै, लोकरञ्जन पराजुलीले लेख्नुभएको "Where Interests Collided: Examining the Confluctual Relationship between the Nepali State and Its Citizens thruough the History of Public Libraries" शीर्षकको लेख *साउथ एसिया: जर्नल अफ साउथ एसियन स्टडिज*मा प्रकाशित भयो ।

यो वर्ष विद्यालय शिक्षाबारे कार्यक्रम समेत आयोजना गरियो । ४ वैशाख २०७६ मा एडुखबर डट कम सँगको सहकार्यमा मार्टिन चौतारीले "संघीयतामा विद्यालय शिक्षा : सरोकारवाला बीचमा अन्तरक्रिया" सम्बन्धी एक विशेष कार्यक्रमको आयोजना गर्‍यो । यस कार्यक्रममा शिक्षा मन्त्री, शिक्षा मन्त्रालयका उच्च पदाधिकारी, गाँउपालिका महाँसंघ अध्यक्ष, नगरपालिका संघका प्रतिनिधि र शिक्षामा सरोकार राख्ने व्यक्तिको उपस्थिति रहेको थियो । त्यसै गरी यस वर्षको चौतारी वार्षिक सम्मेलन २०१९ को विशेष सन्दर्भ पनि 'नेपालमा शिक्षा' थियो । यस सम्मेलनमा विद्यालय शिक्षासँग सम्बन्धित २७ ओटा कार्यपत्र प्रस्तुत भए (अनुसूची १) ।

आर्थिक वर्ष २०७५/७६ मा विद्यालय शिक्षाअन्तर्गत भएका प्रकाशन निम्न हुन् :

पराजुली, लोकरञ्जन, देवेन्द्र उप्रेती र रुख गुरूङ । २०७६ । *सार्वजनिक विद्यालयहरूको सञ्चालन प्रक्रियासम्बन्धी सर्वेक्षण २०७४–२०७५* । काठमाडौं : मार्टिन चौतारी ।

मार्टिन चौतारी । २०७६ । *संघीयता र शिक्षा* (शोध-संक्षेप २४) । काठमाडौं : मार्टिन चौतारी ।

उप्रेती, देवेन्द्र र लोकरञ्जन पराजुली । २०७६ । विद्यालय शिक्षा स्थानीय सरकारलाई नै । *कान्तिपुर*, ८ जेठ, पृ. ७ ।

उप्रेती, देवेन्द्र । २०७५ । सरकार भन्छ, शिक्षा 'सी' ग्रेडको । *नागरिक*, २१ असोज, पृ. ७ ।

उप्रेती, देवेन्द्र र लोकरञ्जन पराजुली । २०७५ । शिक्षाबारे के सोच्नुभएको छ ? *नागरिक*, २२ साउन, पृ. ७ ।

गुरुङ, रूख र लोकरञ्जन पराजुली । २०७५ । भूकम्पपछिको विद्यालय पुनर्निर्माण । *नागरिक*, १८ कार्तिक, पृ. ६ ।

त्यसै गरी, आर्थिक वर्ष २०७५/७६ मा विद्यालय शिक्षाअन्तर्गत भएका छलफलहरू निम्न छन् :

- **भूकम्पपछि विद्यालयको पुनर्निर्माण**; वक्ता**:** इमनारायण श्रेष्ठ**,** आयोजना निर्देशक**,** केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा)**,** राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**;** १९ भदौ २०७५
- **सार्वजनिक विद्यालयहरूको सञ्चालन-प्रकृया) गभर्नेन्स (सम्बन्धी सर्वेक्षण २०७५ को नतिजाबारे छलफल**; वक्ताहरू: लोकरञ्जन पराजुली, देवेन्द्र उप्रेती र रुख गुरुङ, मार्टिन चौतारी; ७ फागुन २०७५
- **संघीय नेपालमा मातृभाषामा शिक्षाका चुनौती**; वक्ताहरू अमृत योञ्जन-तामाङ ,भाषाविद् र रेनुका बज्राचार्य ,बहुभाषिक शिक्षण अभ्यासकर्ता**;** १४ असोज २०७५
- **विद्यालय शिक्षा स्थानीय सरकारमा : के सम्भव छ ,के गरिनुपर्छ ?** वक्ताहरू: टीका भट्टराई, सदस्य सचिव, शिक्षा नीति तथा अभ्यास केन्द्र; शिशिर खनाल, प्रमुख कार्यकारी अधिकृत, टिच फर नेपाल र सूर्यप्रसाद घिमिरे, प्रधानाध्यापक, प्रगति शिक्षा सदन मावि, कुपन्डोल; २२ वैशाख २०७६ (सेन्टर फर एजुकेसनल पोलिसिज् एण्ड प्राक्टिसेस् सँगको सहकार्यमा)

- **Educating through the Arts: A Case Study from Panchpokhari-Thangpal Rural Municipality in Sindhupalchok;** Speakers: Muna Gurung, Writer/Translator/Educator and Sharareh Bajracharya, Chairperson, Srijanalaya; 22 Asar 2076

### ***२.२.३ । नेपालमा नागरिक समाजको भूमिकासम्बन्धी अनुसन्धान***

मार्टिन चौतारीले यही आ.व. को अन्तिममा (१४ जुन २०१९) देखि FHI 360 Nepal को आर्थिक सहयोगमा नेपालमा नागरिक समाजको भूमिका सम्बन्धी पुस्तक प्रकाशन गर्न एउटा सम्झौता गऱ्यो । यस सम्बन्धी परियोजना प्रस्तावको माग गर्दै FHI 360 ले डिसेम्बर २०१८ मै सार्वजनिक सूचना निकालेको थियो । त्यसमा मार्टिन चौतारीले नागरिक समाजले नेपालको विभिन्न क्षेत्रमा गरेका योगदान वा खेलेका भूमिकाको समीक्षा गरिएका विभिन्न लेखहरू समेटेर एउटा सम्पादित पुस्तक प्रकाशन गर्ने उद्देश्य राखी प्रस्ताव पेश गरेको थियो । चौतारीको प्रस्ताव छनोट भएपश्चात् ११ महिना (१५ जुन २०१९ देखि १५ मे २०२० सम्म) को अवधिभित्र लक्षित पुस्तक प्रकाशन गर्ने गरी यो सम्झौता गरियो । यस परियोजना अन्तर्गत यो आर्थिक वर्षमा नेपालको राजनीतिक/सामाजिक आन्दोलन, आर्थिक र सामाजिक विकास तथा सार्वजनिक वृत्तको विस्तार जस्ता वृहत क्षेत्र अन्तर्गत समेट्नुपर्ने विभिन्न विषय वा मुद्दाहरू पहिचान गर्ने र ती मुद्दाहरू उठाउन र तिनलाई अगाडि बढाउन नागरिक समाजले खेलेको भूमिकाबारे अनुसन्धान गरी लेख लेख्न सक्ने चौतारी भित्रका र बाहिरका व्यक्ति पहिचान गरी उनीहरूले गर्ने अनुसन्धानको अवधारणापत्र लेखेर बुझाउन अनुरोध गरियो । यस क्रममा आधा जति मार्टिन चौतारीका अनुसन्धानकर्ताहरू र आधा स्वतन्त्र अनुसन्धानकर्ताहरूसँग कुराकानी गरिएको थियो । विभिन्न व्यक्तिले बुझाएका अनुसन्धान अवधारणाको प्रस्तुति र छलफलका लागि ५ जुलाई २०१९ मा एउटा कार्यशालाको आयोजना गरियो जसमा सम्बन्धित व्यक्तिले प्रस्तुत गरेको अवधारणामाथि अन्य सहभागी, मार्टिन चौतारी तथा FHI 360 का प्रतिनिधिहरूले आवश्यक परिमार्जनका लागि सुझाव दिए । ती अवधारणाहरू परिमार्जन भएर मार्टिन चौतारीले स्वीकृत गरेपछि अनुसन्धानकर्ताहरूको कार्य विवरण (ToR) सहित ९ जना स्वतन्त्र अनुसन्धाकर्ताहरूसँग ६ महिनाभित्रमा प्रकाशनयोग्य अनुसन्धान लेख तयार पारी बुझाउने शर्तमा सम्झौता गरियो । चौतारीभित्रका अनुसन्धानकर्ताहरूसँग भने नियमित रूपमा गरिने कर्मचारी सम्झौतामा नै यो सम्बन्धी काम समेत उल्लेख गरी सोही अनुसारले ToR मा थप गरियो । यस पुस्तकमा समेट्नका लागि परिचयसहित विभिन्न १९ ओटा अध्यायहरू तथा तिनका लेखकको सूची तयार गरिएको छ । आउँदो आर्थिक वर्षमा अनुसन्धानकर्ताहरूसँग थप बैठक, अनुसन्धान पत्र प्रस्तुतिका लागि आन्तरिक कार्यशाला तथा सार्वजनिक प्रस्तुति तथा पुस्तक सम्पादन र प्रकाशनको काम गरिनेछ ।

### **२.३। भौतिक रूपान्तरण**

भौतिक रूपान्तरण अनुसन्धान एकाई अन्तर्गत चौतारीले ज्ञान उत्पादन र वितरण एकाईसँग संयुक्त र आफ्ना अनुसन्धाताका स्वतन्त्र अनुसन्धानलाई सघाउने खालका परियोजनामा गतिविधि बढायो । फोर्ड फाउण्डेशनको सहयोगमा सञ्चालित युनिभर्सल कनेक्टिभिटीको दोस्रो चरणको परियोजना अन्तर्गत आइटीसम्बन्धी पूर्वाधार संरचनाको विकासलाई ऊर्जा र सञ्चारका शुरुआती परियोजनामा भएका विकाससँग दाँजेर हेरियो । साथै, यस्ता पूर्वाधार निर्माणमा राज्यको भूमिका र उपभोगको चरित्रमा रहेको समानता केलाइएयो । यो The Uses of Telephones and Electricity in Early Twentieth Century Nepal शीर्षकमा चौतारीको शोध-संक्षेपको रूपमा छापिँदैछ । यसबारे अघिल्ला खण्डमा थप चर्चा भइसकेको छ ।

यो आ.व. मा पनि सो एकाईले चौतारीका अनुसन्धाताहरूको अनुसन्धान क्षमता गहन् र फराकिलो पार्ने उद्देश्य राखी तिनका स्वतन्त्र अनुसन्धानलाई सघायो । महेशराज महर्जनलाई उहाँको Making of Capital and Remaking of Identity: A Study of Land Loss among Jyapus of Kathmandu Valley, Nepal विषयमा विद्यावारिधि शोध अनुसन्धानका लागि चौतारीका अनुसन्धान निर्देशक योगेश राजले मेन्टरिङ गरिरहनुभएको छ । तथ्यांक संकलन र व्याख्याका सैद्धान्तिक र विधिगत चुनौतीको समाधानका लागि उहाँले महर्जनलाई सहयोग गर्नुभएको छ । साथै महर्जनको स्थलगत अध्ययन र थिसिसका अध्याय वर्गीकरण र केही अध्यायका खेस्रा तयार भयो । सन् २०१९ को अन्तसम्ममा उहाँले विद्यावारिधि सम्पन्न गर्ने लक्ष्य राख्नुभएको छ ।

त्यसै गरी अर्का अनुसन्धानकर्ता वन्दना ज्ञवालीको व्यक्तिगत अनुसन्धानमा पनि चौतारीले सघाइरहेको छ । ज्ञवालीले उद्योग परिषद्बारे गरिरहनुभएको अभिलेखमा आधारित अनुसन्धान योगेश राजको निर्देशन-सहयोगमा Notes from the Archives: The Udyog Parishad Papers, 1991-2002 vs: Financing Industries in late Rana-Era Nepal. SINHAS 23(2): 429-280, मा छापियो । साथै, ज्ञवालीले यसै अनुसन्धानको केही परिणामलाई चौतारीको वार्षिक सम्मेलनमा Elite Access or 'Public Service': Telephone and Electricty Distribution in Rana Nepal शीर्षकको कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँको From Development to Bikas: Nepal's Transition to Democracy and the Emergence of a Concept शीर्षकको एउटा अनुसन्धान पत्र *SINHAS* 24(1): 15-40 मा छापिएको छ ।

भौतिक रूपान्तरण एकाईले फ्रान्सको CNRS को Centre for Himalaya Studies सँग नेपालका नयाँ नगरपालिका क्षेत्रका कानूनी, नगरवासीका अपेक्षा र यथार्थ सुविधा विषयमा Small Urban Municipalities शीर्षकको एउटा प्रारम्भिक अनुसन्धान थालेको छ । चौतारी संस्थागत रूपमा संलग्न नभए पनि चौतारीमा संलग्न अनुसन्धानकर्ताहरू दुई वर्षसम्म यो परियोजनासँग जोडिँदा उक्त संस्थासँग आगामी दिनमा चौतारीको सम्बन्ध विस्तार हुने र त्यसपछि ठूलो परियोजनाका निम्ति समन्वित प्रयास गरिने आशा गरिएको छ । फोर्ड फाउन्डेशन, IDRC, Open Technology Fund लगायतका दातृनिकायबाट चौतारीका निम्ति परियोजना ल्याउने प्रयास विभिन्न चरणमा पुगेर असफल भएको छ । यस आ.व. मा पनि सो एकाईले आफ्नो प्रयासलाई निरन्तरता दिने क्रममा टेम्पलटन फाउन्डेशनमा प्रस्ताव हालेको छ र टोयोटा फाउन्डेशनका लागि नयाँ परियोजनाको प्रस्ताव लेखन कार्य अगाडि बढेको छ ।

## ३। प्रशासन

### ३.१ मार्टिन चौतारीको संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी परियोजना

मार्टिन चौतारी र Open Society Foundation बीच गत आर्थिक वर्षमा नै सम्झौता भएको "Support to Institutional Strengthening of Martin Chautari" नामक परियोजनाको काम यो आर्थिक वर्षमा सुरु गरियो । यस परियोजनाको उद्देश्य मुख्य गरी मार्टिन चौतारीले आफूले गर्दै आएका अनुसन्धान तथा बहसमूलक कामको गहिरो समीक्षा गरी तिनलाई यसका लक्षित वर्ग तथा आम सर्वसाधारणसम्म प्रभावकारी ढंगले सम्प्रेषण गर्दै चौतारीका कामको प्रभावकारिता बढाउनका लागि संस्थागत क्षमता उकास्नु नै हो । त्यस सन्दर्भमा पछिल्लो समय व्यापक पहुँच बनाएको र सूचना सम्प्रेषण तथा सम्बन्ध स्थापना र विस्तारका लागि निकै प्रभावकारी देखिएको सामाजिक सञ्जालको उपयोगमा जोड दिन उचित रणनीति र कार्यक्रम तय गरी लागू गर्ने, चौतारीका अनुसन्धानकर्ताले आम चासोका विषयवस्तुसँग सम्बन्धित भएर लोकप्रिय सञ्चार माध्यममार्फत सर्वसाधारणले बुझ्ने भाषामा आफ्ना विचार निर्माण र सम्प्रेषित गर्ने क्रियाकलापहरू यस परियोजना अन्तर्गत गर्न खोजिएको छ । त्यस्तै, multiple-constituency focused research accountability framework को विकास र कार्यान्वयनका लागि प्राज्ञिक तथा नीतिगत अध्ययन अनुसन्धानमा काम गरिरहेका उस्तै किसिमका संस्थाहरूबीच बलियो सञ्जाल निर्माण गर्ने, चौतारीको सार्वजनिक छलफलहरूमा ऐतिहासिक रूपले सीमान्तकृत समुदायको मुद्दा र वक्ताका रूपमा ती समुदायको प्रतिनिधित्व बढाउने, चौतारीले non-modern history, quantitative methods, family trajectories and material circulation जस्ता विषयमा कोर्स तथा तालिम कार्यक्रमहरू आयोजना गरी ती विषयमा थप संख्यामा अनुसन्धानकर्ताहरू तयार पार्ने जस्ता लक्षित कृयाकलापहरू पनि यस परियोजनामा परेका छन् । लक्षित गरिएकामध्ये पहिलो छ महिनामा चौतारीले गर्ने विभिन्न प्रकृतिका कार्यक्रमहरू जस्तै, छलफल, अनुसन्धान, प्रकाशन तथा पुस्तकालयको सञ्चालनका बारे वृहत रूपले छुट्टाछुट्टै समीक्षा गरी सुझाव सहितको प्रतिवेदन तयार पारियो । उक्त काम चौतारीका अनुसन्धानकर्ता तथा सदस्यहरूबाट गराइयो । छुट्टा छुट्टै समीक्षा प्रतिवेदनबाट हरेक कार्यक्रमका सम्बन्धमा निकालिएको निष्कर्ष र सुझावहरूमात्र समेटेर एउटा समग्र समीक्षा प्रतिवेदन तयार पारियो जसले चौतारीले काम गरिरहेका उल्लेखित क्षेत्रलाई अझ प्रभावकारी ढंगले अगाडि बढाउन के कस्ता कदम आवश्यक पर्दछ भन्ने मार्गदर्शन गर्छ । त्यस्तै, चौतारीमा भएका छलफल कार्यक्रमलाई आम लक्षित वर्गसँग पुऱ्याउन तथा आउँदा कार्यक्रमहरूको प्रचार प्रसार गर्नका लागि सामाजिक सञ्जालको प्रभावकारी प्रयोगमा मार्टिन चौतारीले विशेष ध्यान दिएर काम गर्दैआएको छ । त्यस्तै, पहिलेका वर्षहरूको तुलनामा चौतारीका अनुसन्धानकर्ताहरूले आमसञ्चार माध्यममार्फत विचार सम्प्रेषण गर्ने क्रम पनि यस आ.व.मा बढोत्तरी भएको छ । यो आर्थिक वर्षभित्र मार्टिन चौतारीका अनुसन्धानकर्ता तथा सदस्यहरूले नेपालका विभिन्न अखबार/अनलाइनमा लेखेका टिप्पणी तथा प्रकाशित

अन्तर्वार्ताको संख्या ११५ ओटा छ (अनुसूची ६) । त्यसै गरी मार्टिन चौतारीले आफ्नो जस्तै उद्देश्य भएका संस्थाहरूसँग सञ्जाल विस्तार गर्ने प्रयास स्वरूप यस वर्ष केही नयाँ संस्थाहरूसँग छलफल तथा अनुसन्धान कार्यमा सहकार्य गर्न थालेको छ जसबारे माथि छलफल खण्डमा उल्लेख गरिएको छ । बाँकी लक्षित कृयाकलापका सम्बन्धमा भने आउँदो वर्ष काम गरिनेछ ।

### ३.२। प्रशासन र वित्त

Danida Fellowship Center (DFC) बाट डिसेम्बर २०१५ देखि पाँच वर्षको लागि Locating Public Finance Dynamics in Education in Nepal नामक परियोजनामा काम गर्न आर्थिक सहयोग प्राप्त भए बमोजिम यो आ.व. मा यस परियोजनाहरूलाई निरन्तरता दिइयो । DFC सँग भएको सम्झौता अनुसार चौथो वर्षको लागि उपलब्ध रकमको बेग्लै लेखापरीक्षण गरी DFC लाई बुझाइयो । यस परियोजना अन्तर्गत निकाल्ने भनी लक्षित गरिएका प्रकाशनहरू सम्पन्न गर्न थप समय आवश्यक परेको हुँदा थप डेढ वर्ष (२०२१ जुनसम्म) यो परियोजना लम्ब्याइएको छ । आ.व. २०७१/७२ मा वीपी कोइराला फाउन्डेशनसँग सम्झौता गरी शुरू गरिएको "नेपाल-भारतबीच प्राज्ञिक र नीतिगत अनुसन्धान आदानप्रदान प्रवर्द्धन" परियोजना फाउन्डेसनले सम्झौता अनुसार उपलब्ध गराउनुपर्नेमध्ये पछिल्ला दुई किस्ता बापतको आर्थिक सहयोग प्राप्त नभएपछि परियोजनाका क्रियाकलापमा खर्च भइसकेको ने.रु. ८,३६,४१४।८४ रकम चौतारीको मूल कोषबाट बेहोर्ने गरी सो परियोजना यतिकैमा टुंग्याउने निर्णय कार्य समितिबाट भयो ।

त्यस्तै, गत आ.व. मा इन्टरनेशनल सेन्टर फर ट्रान्जिसनल जस्टिस (आइसीटीजे) ले मार्टिन चौतारीलाई भुक्तानी गर्न बाँकी अमेरिकी डलर ५,५३८।०१ मध्ये ३,००० (रु. ३,४१,५२०) लिई आइसिटिजेबाट आग्रह भए बमोजिम यो परियोजनाको हिसाव किताब टुंग्याइयो ।

National Endowment for Democrary (NED) को सहयेगमा Enhancing Capacity of Rights-based Advocates नामक परियोजना अक्टोवर २०१९ सम्म (चार महिना) समय थप गरी सञ्चालन भइरहेको छ । Open Society Institute (OSI) को सहयेगमा Support to Institutional Strengthening of Martin Chautari नामक परियोजना आउँदो वर्ष २०२० को मे महिनासम्म कायम रहनेछ । त्यस्तै, FHI 360 नेपालले कार्यान्वयन गरिरहेको USAID को Civil Society: Mutual Accountability Project (CS:MAP) अन्तर्गत मार्टिन चौतारीले 'CSO's Contributions in Nepal' बारे अनुसन्धान गर्न खुला प्रतिस्पर्धाद्वारा चौतारीले FHI 360 बाट यो वर्ष सहयोग प्राप्त गऱ्यो । १५ जुन २०१९ देखि सुरु भएको यो परियोजना १५ मे २०२० सम्म कायम रहनेछ ।

Ford Foundation को सहयेगमा Framing Pathways to IT Infrastructure Development in Nepal नामक परियोजनामा यसै आ.व. देखि समाप्त भयो । Governance Facility सँगको सेवा करार अन्तर्गत अघिल्लो वर्षको अन्तिममा समाप्त भएको परियोजना अन्तर्गत चौतारीले पाउने अन्तिम किस्ता वापतको रकम पनि यो वर्ष प्राप्त भयो ।

Economic and Social Research Council नामक संस्थाको आर्थिक सहयोगमा बेलायतको SOAS सँगको सहकार्यमा सञ्चालित Borderlands सम्बन्धी परियोजना यसै आ.व. (नोभेम्बर २०१९) देखि समाप्त भयो । साथै, यस परियोजनाको समाज कल्याण परिषद्‌बाट अनुगमन तथा मूल्यांकन सम्पन्न भई यही आ.व. मा सो को प्रतिवेदन प्राप्त भयो ।

यो आ.व. मा चौतारीको कार्य समितिद्वारा आठ जना (वन्दना ज्ञवाली, सुमन बस्नेत, अंकलाल चलाउने, दीपक अर्याल, शमिक मिश्र, सुजित कर्ण, संगीता थेबे लिम्बू र श्याम कुँबर) लाई नयाँ सदस्यता प्रदान गरियो । साथै, सदस्य तीर्थ विष्टलाई पटकपटक जानकारी गराउँदा समेत आफ्नो सदस्यता नवीकरण गराउन उहाँ अनिच्छुक देखिनु भएकोले उहाँको सदस्यता रद्द गर्ने निर्णय कार्य समितिले गऱ्यो ।

यस आ.व. मा ६ महिनाका लागि DFC परियोजना अन्तर्गत काम गर्न फागुन २०७५ मा अनुसन्धान सहायक पदमा खुला प्रतियोगिता मार्फत सञ्जिला तामाङ र प्रभाकर पोखरेललाई छोटो अवधिको करारमा नियुक्त गरियो । कार्यालय सहगोगीको रूपमा माया मानन्धरलाई वैशाख २०७५ मा छोटो अवधिको करारमा नियुक्त गरियो । कार्यालय सहयोगी रोशनी घिमिरेलाई परीक्षण कालपश्चात् सामान्य करारमा नियुक्त गरियो । श्री श्रेया भट्टराईलाई ६ महिनाको लागि पेड इन्टर्नका रूपमा राखियो । भदौ २०७२ देखि अध्ययन बिदामा रहनुभएका अनुसन्धानकर्ता श्री हर्षमान महर्जनलाई २०७६ वैशाखदेखि लागू हुने गरी अनुसन्धाता पदमा काम गर्न ३ महिने करारनामा गरियो । सहायक वित्त तथा प्रशासन अधिकृत कञ्चन के.सीलाई २०७६ वैशाख महिनादेखि लागू हुने गरी वित्तीय तथा प्रशासन अधिकृतमा बढुवा गरियो । सहायक पुस्तकालय अधिकृत श्री रेनुका गुरागाईंलाई पुस्तकालय अधिकृतमा बढुवा गरियो ।

यसै वर्षदेखि अध्यक्ष चौतारीको दैनिक प्रशासनिक काम कार्वाहीमा संलग्न नहुने भएको हुँदा अनुसन्धाता देवराज हुमागाईंलाई असोज २०७५ देखि लागू हुने गरी कार्यकारी प्रबन्धकको नयाँ पद सृजना गरी दैनिक प्रशासनिक कामको नेतृत्व गर्ने जिम्मेवारी दिइयो।

मार्टिन चौतारीको विभिन्न परियोजनाहरूमा काम गर्न आवश्यकता अनुसार यस वर्ष पनि परामर्शदाता तथा इन्टर्नहरू नियुक्त गरिए। यही आ.व मा प्रशासन तथा वित्त प्रमुख रोजिना सिटौला, वरिष्ठ अनुसन्धाता सुजितकुमार कर्ण, सह-अन्सन्धाता शकबहादुर बुढाथाकीले दिनुभएको राजीनामा स्वीकृत गरियो।

मार्टिन चौतारीको मूल कोषमा रहेको रकममध्ये १ करोड ७० लाख रुपैयाँ वैशाख २०७६ देखि नबिल बैंक लिमिटेडको मुद्दति खातामा सुरुमा मासिक र त्यसपश्चात् तीन तीन महिनामा नवीकरण गर्ने गरी डिपोजिट गरियो। मार्टिन चौतारीले विश्वविद्यालयका विभिन्न तहमा अध्ययनरत शोधार्थी तथा स्वतन्त्र अनुसन्धानकर्ताहरूलाई लक्षित गरी अनसन्धान वृत्ति उपलब्ध गराउन २ लाख रुपैयाँको कोष खडा गर्ने निर्णय गरी सो रकम छुट्टै बैंक खातामा जम्मा गरियो। उक्त कोषमा अन्य दाताहरूलाई पनि आग्रह गरी सहयोग जुटाउने कार्य आउँदो वर्षदेखि गरिनेछ।

गत आ.व. मा चौतारीको श्रेणी २ र ३ का कर्मचारीहरूलाई प्रदान गरिएको अस्थायी राहत भत्ता यस आ.व पनि प्रदान गरियो। यस वर्ष सबै तहका कर्मचारीहरूको एक तह (Step) बढाएर करारनामा गरिएको थियो। मार्टिन चौतारीको २०७५ असोज ३ गते बसेको वार्षिक साधारण सभाको निर्णयअनुसार लेखा परीक्षकमा नवराज थपलिया एन्ड एसोसियट्स फर्मलाई नियुक्त गरियो।

यो आ.व. मा पनि सामान्य करारमा कार्यरत कर्मचारीको हकमा गरिने स्वास्थ्य बिमाको व्यवस्थालाई निरन्तरता दिइयो। बिमा लेखअनुसार केही कर्मचारीले स्वास्थ्य परीक्षण शुल्क अन्तर्गतको बीमित रकम पाए। आवश्यकता अनुसार विभिन्न नीति निर्देशिकाहरूलाई परिमार्जन गर्ने कार्यलाई यस आ.व. मा पनि निरन्तरता दिइयो। चौतारीको विद्यमान कर्मचारी संरचनामा आवश्यकता अनुसार केही हेरफेर गरियो। क्षमता अभिवृद्धिको प्रकृयास्वरूप विगतका वर्षहरूमा झैँ यो आ.व. मा पनि केही कर्मचारीहरूलाई विभिन्न कार्यशाला तथा तालिममा भाग लिन देशभित्र तथा देश बाहिर विभिन्न ठाउँमा पठाइयो। देश बाहिर गएका कर्मचारीहरूको विवरण अनुसूची ७ मा दिइएको छ। ती कार्यक्रमहरूमा भाग लिन चौतारीले कर्मचारीहरूलाई विदाको साथै आयोजकहरूले आंशिक खर्च मात्र बेहोरिदिएका अवस्थामा चौतारीले नै सहभागीको यातायात र बस्ने खाने खर्च पनि बेहोरिदिएको छ। चौतारीका कर्मचारी तथा सदस्यहरूले विभिन्न पत्रपत्रिका तथा अनलाइनमा आफ्नो कार्यक्षेत्र र रुचिका विषयमा लेख/अन्तर्वार्ता प्रकाशन/प्रसारण गरे।

### ३.३। अनुगमन तथा मूल्यांकन

सबै एकाईले आफ्नो कार्यक्रम तय गर्ने र कार्यान्वयनको योजना पनि निर्माण गर्ने हुनाले समयमा गुणस्तरयुक्त कार्य सम्पन्न गर्ने दायित्व समग्रमा सम्बन्धित एकाईको रहन्छ। योजना अनुसार सम्पन्न गर्न नसकेमा सो को जवाफदेही पनि सम्बन्धित एकाई नै हुन्छ। सम्बन्धित एकाईका विभिन्न कर्मचारी तथा अनुसन्धानकर्ताहरूलाई आ.व. को सुरुमा सम्झौता गर्दा दिइएको कार्यविवरण तथा सम्बन्धित एकाईको योजना अनुसार कार्य भइरहेको वा हुन नसकेको बारे महिनाको कम्तीमा दुई पटक सम्बन्धित एकाईका संयोजकको उपस्थितिमा एकाईभित्र छलफल हुने गर्दछ। उक्त छलफलमा अगाडि नबढेको कामको सम्बन्धमा सम्बन्धित व्यक्तिलाई घच्घच्याउने तथा अगाडि कसरी जाने भन्ने विषयमा अल्पकालीन योजना बनाइन्छ। कामको प्रकृति तथा अवस्था मूल्यांकन गर्दै पूर्व योजनामा परिमार्जन गर्नुपर्ने भएमा सबैको सहमतिमा परिमार्जन गरिन्छ। यो वर्ष चौतारीको कार्यसम्पादन तथा व्यवस्थापन संरचना अनुसार चौतारीका विभिन्न एकाई प्रत्यूष वन्त, योगेश राज र देवराज हुमागाईंलाई भाग लगाएर त्यसको नियमित अनुगमन तथा निर्देशनको जिम्मेवारी दिइएको थियो। योगेश राजको मातहतमा भौतिक रूपान्तरण र मिडिया/सर्वसंयोजकता; प्रत्यूष वन्तको मातहतमा राजनीतिक प्रवाहपथ, शिक्षा, पुस्तकालय, छलफल र प्रकाशन तथा देवराज हुमागाईंको मातहतमा प्रशासन तथा वित्तीय एकाईको जिम्मेवारी थियो। यसका साथै कार्यकारी प्रबन्धकले सम्बन्धित एकाईका संयोजकसँग आवधिक रूपमा कार्यप्रगतिको जानकारी लिई हरेक दुई-दुई महिनामा बस्ने चौतारीको कार्य समितिसमक्ष प्रगति विवरण अद्यावधिक गर्ने गरिएको छ।

विदेशी दातृ संस्थाको सहयोगमा सञ्चालित चौतारीको परियोजनाहरू कानूनी प्रावधान अनुसार कार्यान्वयन हुनुपूर्व समाज कल्याण परिषद्बाट स्वीकृति लिने तथा सम्पन्न भएपछि सोही संस्थाबाट अनुगमन तथा मूल्यांकन गराउनु पर्छ। सो अनुसार गत वर्ष सम्पन्न भएको Open Society Foundation को सहयोगमा सञ्चालित स्कूल शिक्षा सम्बन्धी परियोजनाको समाज कल्याण परिषद्द्वारा अनुगमन मूल्यांकन कार्य सम्पन्न गरी यसै वर्ष डिसेम्बर २०१८ मा प्रतिवेदन प्राप्त भयो। त्यस्तै, यो वर्ष नोभेम्बर २०१८ मा सम्पन्न भएको Economic and Social Research Council बेलायतको सहयोग रहेको Borderlands सम्बन्धी परियोजनाको

पनि यसै वर्ष समाज कल्याण परिषद्द्वारा अनुगमन मूल्यांकन सम्पन्न गरी प्रतिवेदन प्राप्त भयो । यी दुवै अनुगमन तथा मूल्यांकन प्रतिवेदनमा मार्टिन चौतारीले गरेका क्रियाकलापको प्रभाव तथा आर्थिक व्यवस्थापनको पक्ष उत्कृष्ट रहेको निचोड निकालिएको छ । सम्पन्न भएका अन्य परियोजनाको अनुगमन तथा मूल्यांकन आउँदो वर्षमा गरिनेछ ।

**३.४ जनसम्पर्क र साझेदारी**

मार्टिन चौतारीको विविध प्रशासनिक तथा परियोजनासँग सम्बन्धित कार्यको सिलसिलामा नेपाल सरकार मातहतका विभिन्न निकाय जस्तै समाज कल्याण परिषद्, कर कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकासँग समन्वय गर्नुपर्ने कानून बमोजिमका प्रक्रियामा सहयोग गर्न तथा आवश्यकता अनुसार कानूनी सहायता परामर्श प्रदान गर्न नियुक्त परामर्शदाता योगिता राईको कार्य सन्तोषजनक रहेको हुनाले यो आ.व. मा उहाँसँग गरिएको करारलाई नै निरन्तरता दिइयो । यो आ.व. मा सञ्जाल निर्माण गर्ने उद्देश्य सहितका केही कार्यक्रम भए । मार्टिन चौतारीले South Asia University, Center for Study of Developing Societies, Center for Social Sciences and Humanities सँग मिलेर १८-१९ जुलाई २०१९ मा दिल्लीमा Work, Identity and Livelihood in ‘New’ Nepal : Conversation within South Asia शीर्षकको दोस्रो सम्मेलन आयोजना गर्दैछ । यो विषयको पहिलो सम्मेलन २०१७ जुलाईमा दिल्लीमै भएको थियो । पहिलेदेखि सहकार्य गरिरहेका संस्थाहरूसँगको साझेदारीलाई निरन्तरता दिनुका साथै यो वर्ष दलित रिडरसँग दलित विषयको छलफल शृंखला सञ्चालन गर्न, जनजाति सम्बन्धी विषयमा चासो राख्ने अनौपचारिक समूहसँग जनजाति छलफल शृंखला सञ्चालन गर्न तथा People’s Health Movement (PHM) सँग स्वास्थ्य नीतिबारेमा छलफल शृंखला चलाउन गरेका सहकार्य सञ्जाल निर्माण तथा विस्तारका केही उदाहरण हुन् ।

# अनुसूचीहरू

## अनुसूची १: चौतारी वार्षिक सम्मेलनको तालिका

**Chautari Annual Conference – 2019**
**(Special Theme: Education in Nepal)**
Organized by Martin Chautari (MC) | Venue: Martin Chautari, Thapathali, Kathmandu
April 21–23, 2019 (Baishakh 8–10, 2076)

**Day I (April 21, 2019, Sunday)**

09:00 a.m.
**Tea/Registration**

09:20 a.m.
**Opening Remarks: Pramod Bhatta, MC**

| **Hall A** | **Hall B** |
|---|---|
| 09:30 a.m.<br>**Panel 1: Women, History and Politics**<br>***Moderator: Shreya Paudel, Social Science Baha***<br><br>**Paper I: कसको शरीर, कस्तो शरीर ? महिला शरीरमाथिको भिन्न-भिन्न बुझाइ**<br>*कैलाश राई, स्वतन्त्र अनुसन्धाता*<br><br>**Paper II: Discourse of *Satitwa*: A Mechanism to Control Women's Sexuality in Hindu Society**<br>*Damodar Tripathi, Tri-Chandra Multiple College*<br><br>**Paper III: Marriage and Maoism: 'Revolutionary' Practices during the People's War of Nepal**<br>*Kavita Raturi, Jawaharlal Nehru University, India*<br><br>**Floor Discussion** | 09:30 a.m.<br>**Panel 2: Access and Participation in Education**<br>***Moderator: Abha Lal, MC***<br><br>**Paper I: The Potential of Poetry: Building Safe Spaces for Learning**<br>*Nasala Chitrakar, Thames International College, and Yukta Bajracharya, Quixote's Cove*<br><br>**Paper II: Women in School Governance: Coming to the (Un)Known Territories**<br>*Rebat Kumar Dhakal, Kathmandu University School of Education*<br><br>**Paper III: Tamang Women's Access to and Participation in Higher Education**<br>*Sharmila Shyangtan, Kathmandu University*<br><br>**Floor Discussion** |
| **11:00 a.m. (Break)** | |
| 11:10 a.m.<br>**Panel 3: Development, Local Governance and Protected Areas**<br>***Moderator: Bandana Gyawali, MC***<br><br>**Paper I: 'One Day, One Tree': Sustainable Place and People in Local Places and Protected Spaces**<br>*Dikshant Uprety, Indiana University, Bloomington*<br><br>**Paper II: Use of Evidence in Local-level Planning: Insights from a Municipality of Nepal Observation** | 11:10 a.m.<br>**Panel 4: Pedagogy and Quality of Education**<br>***Moderator: Pramod Bhatta, TU/MC***<br><br>**Paper I: परीक्षा केन्द्रित शिक्षण र कमजोर सिकाइ अवस्था**<br>*देवीराम आचार्य, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, भक्तपुर*<br><br>**Paper II: Pedagogical Practices by Primary Teachers in Basic Level: An Ethnographic Study**<br>*Khim Raj Subedi, Prithvi Narayan Campus, Pokhara* |

<table>
<tr><td>Report<br>Shalini Gupta, Social Science Baha<br><br>Paper III: The Complexity of Grassroots Development Practice in Dolakha<br>Shyam Bahadur Kunwar and Shanta Thapa; Infrastructures of Democracy<br><br>Floor Discussion</td><td>Paper III: Continuous Assessment System, Sense of Inclusiveness and Quality of Education in Saptari District, Nepal<br>Mahesh Raj Chaudhari, Janchetna Secondary School, Saptari<br><br>Floor Discussion</td></tr>
<tr><td colspan="2" align="center">12:40 p.m. (Lunch)</td></tr>
<tr><td>01:40 p.m.<br>Panel 5: Nationalism and Bilateral Relations<br>Moderator: Bal Bahadur Thapa, Central Department of English, TU<br><br>Paper I: Securing the Frontier: ‘Gorkha’ and Colonization of the Northeast Frontier, 19th Century<br>Binayak Sundas, Centre for Himalayan Studies, University of North Bengal, India<br><br>Paper II: Nepal-Bangladesh Bilateral Relations: An Overview through Higher Educational Cooperation<br>Hoimonti Barua, Jawaharlal Nehru University, India<br><br>Floor Discussion</td><td>01:40 p.m.<br>Panel 6: Education Reform and School-level Curriculum<br>Moderator: Madhusudan Subedi, Patan Academy of Health Sciences<br><br>Paper I: Inclusion in Nepali Curriculum: A Study<br>Aditi Adhikari, Early Childhood Education Center<br><br>Paper II: Education Reform in Nepal: Opportunities for Collaboration and Inclusive Education<br>Daly Angeela, Liverpool John Moores University, UK; Umesh Raj Regmi, Nepal Youth Foundation; and Sara Parker, Liverpool John Moores University, UK<br><br>Paper III: Killing the Critical: A Critical Discourse Analysis of Moral Values in School-level Textbooks of Nepal<br>Saroj GC, Nesfield International College<br><br>Floor Discussion</td></tr>
<tr><td colspan="2" align="center">03:10 p.m. (Break)</td></tr>
<tr><td colspan="2">03:20 p.m.<br> विशेष छलफल : भागबन्डा विश्वविद्यालयमा प्राज्ञिक जीवन <br> सहजकर्ता : प्रत्यूष वन्त, मार्टिन चौतारी <br>वक्ता:<br>प्रेम फ्याक, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय<br><br>Floor Discussion</td></tr>
<tr><td colspan="2" align="center">4:30 p.m. (End)</td></tr>
</table>

**Day II (April 22, 2019, Monday)**

09:00 a.m.
**Tea/Registration**

| Hall A | Hall B |
|---|---|
| 09:30 a.m.<br>**Panel 7: Mobility, Caste and Social Justice**<br>***Moderator: Subhash Nepali, Dalit Reader***<br><br>**Paper I: Inter-generational Mobility in Occupations of People in Rural Nepal**<br>*Badri Aryal, Durga Devkota, Anoj Chhetri, and Naba Raj Devkota, Agriculture and Forestry University, Rampur, Chitwan*<br><br>**Paper II: Social Protection and Caste in Nepal: A New Social Contract or an Old Political Settlement?**<br>*Neil Webster, Danish Institute for International Studies, Denmark*<br><br>**Paper III: Two Thirds of a Generation Left Behind: Schools and Social Justice in Nepal**<br>*Tom Robertson, Fulbright Nepal/USEF*<br><br>**Floor Discussion** | 09:30 a.m.<br>**Panel 8: Institution, Social Transformation and Resource Mobilization**<br>***Moderator: Sujeet Karn, Policy Research Institute***<br><br>**Paper I: Relevance of the Land Grant University and Colleges Model for Inclusive Rural and Agrarian Transformation in Federal Nepal**<br>*Purna Nepali, Harvard Kennedy School and Hutchins Center, Harvard University and Brandeis University, US*<br><br>**Paper II: 'Old Wine in New Bottle': Legacy of Traditional Institution in Modern Structure of Forest and School Management in a Tamang Community in Kavre**<br>*Mahesh Nath Parajuli, Kathmandu University; Indra Mani Rai, Tribhuvan University; Prakash Chandra Bhattarai, Kathmandu University; and Suresh Gautam, Kathmandu University*<br><br>**Paper III: Alternative Modes of Funding 'Free' Public Education in Nepal**<br>*Uma Pradhan, University of Oxford, UK; and Karen Valentin, Aarhus University, Denmark*<br><br>**Floor Discussion** |
| **11:00 a.m. (Break)** | |
| 11:10 a.m.<br>**Panel 9: Health, Tourism and Politics**<br>***Moderator: Shyam Bahadur Kunwar, Infrastructures of Democracy***<br><br>**Paper I: Parental Beliefs, Dietary Diversity and Healthy Livelihoods in Nepal**<br>*Paola Tine, The University of Adelaide, Australia*<br><br>**Paper II: Medical Encounter in Rolpa: A Mission against State-patronized Corruption**<br>*Sachin Ghimire, Medical Anthropologist* | 11:10 a.m.<br>**Panel 10: Universal Connectivity: Historical and Recent Case Studies of Technology Access**<br>***Moderator: Devraj Humagain, MC***<br><br>**Paper I: Elite Access or 'Public Service': Telephone and Electricity Distribution in Rana Nepal**<br>*Bandana Gyawali, MC*<br><br>**Paper II: Ethics of Information Abundance: Recycling Nepali Newspaper Archive Content on Social Media**<br>*Harsha Man Maharjan, MC* |

<table>
<tr><td>Floor Discussion</td><td>Paper III: On Affordability and Digital Skills: Reflections from Benchmarking Field Surveys<br>Nishchal Regmi and Shailesh Pandey, MC<br><br>Floor Discussion</td></tr>
<tr><td colspan="2" align="center">12:40 p.m. (Lunch)</td></tr>
<tr><td>01:40 p.m.<br>Panel 11: Employment, Technical Education and Entrepreneurship<br>Moderator: Gaurab KC, Kathmandu School of Law<br><br>Paper I: Employer’s Perspective on the Employability of Engineering Students in Nepal<br>Amrita Sharma, Kathmandu University<br><br>Paper II: Post-Compulsory Community School based TVET in Nepal: Two Steps Forward, One Step Back<br>Sohan Sha, MC<br><br>Paper III: Socio-cultural Dimensions of Graduates in Entrepreneurship<br>Bibek Kumar Pandit, Kathmandu University<br><br>Floor Discussion</td><td>01:40 p.m.<br>Panel 12: Political Transition and Identity Politics<br>Moderator: Pranab Kharel, Kathmandu School of Law<br><br>Paper I: सङ्घीयता र पहिचानको राजनीति : नेपाली अभ्यास र चुनौती<br>झकेन्द्र घर्तीमगर, सरस्वती बहुमुखी क्याम्पस, काठमाडौँ<br><br>Paper II: वर्गीय पार्टीमा जातीय राजनीति<br>भोजविक्रम बुढामगर, त्रिभुवन विश्वविद्यालय<br><br>Paper III: Judges’ Appointments in Nepal: An Appraisal from International Practices<br>Jivesh Jha and Vijay Jaiswal; Kathmandu University School of Law<br><br>Floor Discussion</td></tr>
<tr><td colspan="2" align="center">03:10 p.m. (Break)</td></tr>
<tr><td colspan="2">03:20 p.m.<br> Open Panel: Shifting Universities: Comparative University Studies in India and the Rupture between Ideal-Actual Universities<br><br>Moderator: Pratyoush Onta, MC <br>Panelists:<br>Debarati Dutta, Dhupguri Mahila Maha Vidyalaya, West Bengal, India<br><br>Jayjit Sarkar, Raiganj University, West Bengal, India<br><br>Priyanka Chatterjee, Sikkim University, Gangtok, India<br><br>Swatahsiddha Sarkar, Centre for Himalayan Studies, University of North Bengal, India<br><br>Floor Discussion</td></tr>
<tr><td colspan="2" align="center">05:00 p.m. (End)</td></tr>
</table>

**Day III (April 23, 2019, Tuesday)**

09:00 a.m.
**Tea/Registration**

<table>
<tr><th>Hall A</th><th>Hall B</th></tr>
<tr><td>09:30 a.m.<br>Panel 13: Enterprise, Informal Skills and Livelihood<br>Moderator: Komal Bhatta, Independent Researcher<br><br>Paper I: Sustainability of Women-led Micro-enterprises: A Case Study of Kavrepalanchowk District, Nepal<br>Aayusha Prasain, Nagoya University, Japan<br><br>Paper II: Aspirations of Informal Skills Learners: Pathways of Struggle for Livelihood and Learning<br>Durga Prasad Baral, Kathmandu University School of Education<br><br>Paper III: The Contribution of Riverbed Farming to Livelihood of Tharu Farmers in Kailali District<br>Dwarika Thebe, Tribhuvan University<br><br>Floor Discussion</td><td>09:30 a.m.<br>Panel 14: Accountability and Integrity in School Education<br>Moderator: Prem Phyak, Central Department of English Education, TU<br><br>Paper I: Accountability Practice in Paradox: Externally Imposed Sanctions or Morally Guided Obligation?<br>Kul Prasad Khanal, Kathmandu University, School of Education<br><br>Paper II: Teachers' Integrity at Crossroads: Variation in Perceiving, Acting and Experiencing<br>Rupa Munakarmi, Kathmandu University School of Education<br><br>Paper III: Hi-Story of Striving, Surviving and Thriving of a School: An Appreciative Inquiry<br>Sanjay Hamal, Kathmandu University School of Education<br><br>Floor Discussion</td></tr>
<tr><td colspan="2" align="center">11:00 a.m. (Break)</td></tr>
<tr><td>11:10 a.m.<br>Panel 15: Post-Disaster and Climate Change<br>Moderator: Mahesh Raj Maharjan, MC<br><br>Paper I: Psychological Education in Post-disaster Nepal: An Expanding Market?<br>Madhusudan Pokharel and Rishika Pokharel, Tribhuvan University; and Pia Noel, University of Edinburgh, UK<br><br>Paper II: Post-disaster Response: A Case from Rasuwa<br>Rukh Gurung, MC<br><br>Floor Discussion</td><td>11:10 a.m.<br>Panel 16: Education and Diversity<br>Moderator: Sohan Sha, MC<br><br>Paper I: Need of Multicultural Education in Nepal<br>Dawa Sherpa, Tribhuvan University, Nepal<br><br>Paper II: Study of Socio-Cultural Dynamics of Pre-School Education System in Ravibhawan, Kathmandu<br>Ritu Rupakheti, Tribhuvan University<br><br>Paper III: Students' Perception on Quality Education: A Review<br>Nashla Shakya, Khagendra Acharya, Sabita Rimal, Ramesh Pokhrel, Namrata Dhakal, Pratik Shrestha, Basista Basnet, Sagar Shrestha, and Prabesh Ojha<br><br>Floor Discussion</td></tr>
</table>

| 12:40 p.m. (Lunch) |
|---|
| 01:40 a.m.<br>**Panel 17: विद्यालय शिक्षा र उच्च शिक्षा**<br>***Moderator: केशव सिग्देल, अंग्रेजी केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय***<br><br>**Paper I:  संघीयतामा विद्यालय शिक्षा  : सरोकारवाला  बीच देखिएको विवादको अन्तर्य**<br>*देवेन्द्र उप्रेती र लोकरञ्जन पराजुली, मार्टिन चौतारी*<br><br>**Paper II: सुदूरपश्चिम प्रदेशमा उच्च शिक्षा तथा शिक्षणको अवस्थ ा, संभावना र चुनौती**<br>*पृत विष्ट, सुदुरपश्चिमाञ्चल विश्वविद्यालय*<br><br>**Paper III: सार्वजनिक विद्यालयको सञ्चालन प्रक्रिया सम्बन्धी सर्वेक्षण २०७४–२०७५**<br>*लोकरञ्जन पराजुली, देवेन्द्र उप्रेती र रुख गुरुङ, मार्टिन चौतारी*<br><br>**Floor Discussion** |
| **3:10 p.m. (Break)** |
| 03:20 p.m.<br>**खुला छलफल : नेपाली मिडियामा शिक्षा रिपोर्टिङ**<br><br>सहजकर्ता : उज्ज्वल प्रसाई, लेखक<br><br>**वक्ताहरू :**<br>मकर श्रेष्ठ, शिक्षा पत्र<br>रोश्ना सुब्ब ा, *शिक्षक* मासिक/शिक्षा पत्रकार समूह<br>श्रीधर पौडेल, एडु खबर डट कम<br><br>**Floor Discussion** |
| 04:40 p.m.<br>**Review of the Conference**<br>**Closing Remarks** |
| **05:00 p.m. (End)** |
| ***Note:*** *Each paper presenter will summarize his/her paper within 15 minutes. A designated moderator will share his/her comments on all papers in the panel in 10 minutes, and remaining time will be available for floor discussion.* |

## अनुसूची २: जर्नल व्यवस्थापन कार्यशालाको तालिका

**Journal Management Workshop**

**Organized by Martin Chautari (MC)**

Venue: Martin Chautari, Thapathali, Kathmandu

May 29, 2019, Wednesday (Jestha 15, 2076)

9:30 a.m. **Tea/Registration**

10:00 – 11:00

**Starting a new journal: Some important issues**

By Pratyoush Onta (30 min., followed by floor discussion for 30 min.)

11:00 – 11:45

**Launching a new journal**

By Ramesh Parajuli (25 min., followed by floor discussion for 20 min.)

**11:45 – 12:00 Tea Break**

12:00 – 01:00

**Processing submissions**

By Devraj Humagain/Ramesh Parajuli (30 min., followed by floor discussion for 30 min.)

**01:00 – 02:00 Lunch**

02:00 – 03:00

**Journal style guide**

By Mahesh Raj Maharjan (30 min., followed by floor discussion for 30 min.)

03:00 – 03:45

**Preparing contents for publication**

By Group (25 min., followed by floor discussion for 20 min.)

**03:45 – 4:00 Tea Break**

04:00 – 5:00

**Floor discussion open to all topics discussed above**

**The End**

## अनुसूची ३: नेपाल अध्ययनमा महिला अनुसन्धानकर्ता कार्यशालाको तालिका

**Women Researchers in Nepal Studies Symposium**
**Martin Chautari Seminar Hall, Thapathali**
**March 3, 2019**

10:15–10:30
**Tea/Coffee**

**Session I: Women in the Post-2015 Political Landscape**
**Moderator: Kailash Rai**

10:30–11:20
**नेपालमा नेपाली नहुनुको पीडा : नवलपरासीका नागरिकता विहीन महिलाहरूको संघर्ष**
सरस्वती शर्मा, बार एसोसिएसन, नवलपरासी

11:20–12:10
**"Kagaz Ma Matrai?": Women's Land Rights and Political Legitimacy in Post-Conflict Nepal**
Beth Prostniz, University of Texas at Austin

12:10–12:20
**Break**

12:20–1:10
**"माथिबाट पत्र आएको छैन ": महिलाहरूको नागरिकता प्राप्तिको समस्या, संघर्ष र सवाल कपिलवस्तुबाट**
लक्ष्मी श्रेष्ठ, माहुरी होम, कपिलवस्तु

1:10–2:00
**Lunch**
**Session II: Current Research across Disciplines**
**Moderator: Abha Lal**

2:00–2:50
**Setting up Industries in Late Rana Nepal: The Unpublished Archive of the *Udyog Parishad***
Bandana Gyawali, Martin Chautari

2:50–3:40
**Aspirational Infrastructure: Everyday Brokerage and the Foreign Employment Recruitment Agencies in Nepal**
Tina Shrestha, Waseda University, Tokyo

3:40–3:50
**Break**

3:50–4:40
**Support Services Available for Women and Girls who are Victims of Violence**
Erisha Suwal, Independent Researcher

## अनुसूची ४ : NED परियोजनाका प्रशिक्षार्थी अनुसन्धानकर्ता, तिनको अनुसन्धान विषय र सम्बन्धित मेन्टर

| | Name of Candidate | Institutional Affiliations | Research Proposal Title | Mentor/Email/Contact |
|---|---|---|---|---|
| 1 | Sona Khatik (Kapilvastu) | NGOs, FM station : Radio Kapilvastu | State of Dalit women radio persons in community radios. सामुदायिक रेडियोमा दलित महिला सञ्चारकर्मीको अवस्था | Devraj Humagain devrajhumagain@gmail.com |
| 2 | Laxmi Shrestha (Kapilvastu) | MAHURI-HOME | Why does the denial of citizenship to women begin at the household? नागरिकता प्राप्तीका लागि महिलाको संर्घष (किन घरबाटै महिलाहरुलाई नागरिकताको पहुचबाट टाढा राखिन्छ ?) | Sohan Prasad Sha/Sangita (co-supervisor) sohansha@gmail.com s.thebelimbu@outlook.com |
| 3 | Sanjay Kumar Pasee (Kapilvastu) | Master's Degree (Rural Development/Thesis ongoing) | A Sociological study of Natuwa (snake charmer) caste नटुवा जातिको सामाजिक अध्ययन | Abha Lal lal.abha.96@gmail.com |
| 4 | Prem Jaiswal (Kapilvastu) | World Education Incorporated (WEI); Nepal National Dalit Social Welfare Organization (NNDSWO) ; Dalit NGO Federation (DNF)-SAMANATA Project | Why are students from the Muslims community educated from madarsa? मुस्लिम समूदायको विद्यार्थी किन मदरसा शिक्षा प्राप्त गर्दछन् ? | Devendra Upreti upretydevendra@gmail.com |
| 5 | Uma Poudel (Nawalparasi) | Indereni Samajik Vikas Manch, Bardaghat-9 | Foreign Employment & Death: The socio-psychological impact on family वैदेशिक रोजगारी र मृत्यु परिवारमा आर्थिक तथा मनोसामाजिक असर | Mahesh Maharjan mtmaheshraj@gmail.com |
| 6 | Motikala Pangeni (Nawalparasi) | Independent, Women Activist and Human Rights Advocates | Arson in Tharu museum and the increase in communal conflict & its results थारू संग्रंहालयमा आगजनीको घटनाले बढेको सामुदायिक अन्तरद्धन्द्ध तथा त्यसका परिणति | Pratyoush Onta sinhas@mos.com.np |
| 7 | Saraswati Sharma (Nawalparasi) | Vice President, Nepal Bar Association, Nawalparasi District | Citizenship and access to justice in Nawalparasi district court नागरीकता र न्यायमा पहुँच: नवलपरासी जिल्लाको | Sohan Prasad Sha/Sangita (co-supervisor) sohansha@gmail.com s.thebelimbu@outlook.com |

| | | | | |
|---|---|---|---|---|
| | | | अध्ययन | |
| 8 | Brijraj Kushwaha (Nawalparasi) | Chief Editor (Online Portal: www.onlinejanta.com); Journalist for various platforms, Human Rights Defenders and Ombudsmen; President of Newly established NGOs (Human Development Research Centre), VP-Mahuri-HOME, Coordinator for Amnestry International, Accountability Watch Committee | Economic and social impact of Gandak dam on local people<br>गण्डक समस्याका कारण स्थानीयवासीमा परेको आर्थिक तथा सामाजिक प्रभाव | Bandana Gyawali<br>bandanagyawali@gmail.com |
| 9 | Ram Bikash Chaudhary (Rupandehi) | Journalist, Mahuri-HOME district Coordinator for Rupandehi | Extrajudicial killings during Madhesh Uprising<br>मधेश आनदोलनका क्रममा गैरन्यायिक हत्या | Abha Lal<br>lal.abha.96@gmail.com |
| 10 | Tribhuvan Barai (Rupandehi) | Full Time Lecturer at Bhairahawa Multiple Campus since 2066 B.S. | Promotion of Bhojpuri/Awadhi language: Possibilities and challenges<br>भोजपुरी/अवधी भाषाको बिकास, सम्भावना र चुनौती | Abha Lal<br>lal.abha.96@gmail.com |
| 11 | Deepak Gyawali (Rupandehi) | Ex-President at District level of Federation of Nepali Journalist | What was the Retaliation against Maoist war: Where did the weapons used by retaliators go?<br>के थियो माओबादी युद्धबिरुद्धको प्रतिकार ? कहाँ गए प्रतिकारकारीका त्यत्रा हतियार ? | Ramesh Parajuli<br>rameshparajuli@gmail.com |
| 12 | Raksha Ram Harijan (Kapilvastu) | Law Graduate, Human Rights and PIL activist<br>Works at THRD-Alliance<br>Darnal International Award for Social Justice (Aug, 2016) | Judicial auditing of inclusion issue<br>समावेशी मुद्दाको न्यायिक परीक्षण | Sujeet Karna<br>sujeetkarn102011@gmail.com |
| 13 | Ram Chandra Shrestha (Rupendehi) | Master's Degree(Anthropology)(Thesis ongoing) | Livelihood strategies of landless Dalit<br>भूमिहीन दलित सुकुम्बासीको जीवनयापनका रणनीति | Mahesh Maharjan<br>mtmaheshraj@gmail.com |

अनुसूची ५: NED परियोजना अन्तर्गतका प्रशिक्षार्थी अनुसन्धानकर्ताहरूले गरेको अनुसन्धानको प्रस्तुति कार्यशालाको तालिका

**Dissemination Seminar**

Enhancing Capacity of Locally-embedded Rights–based Advocates and Academics

**Organized by MAHURI-HOME and Martin Chautari (MC)**

28–29 June 2019, Taulihawa–3, Kapilvastu, Nepal

---

**Day I, Friday**

08:00–9:00am

**Breakfast**

09:00–9:30am

**Welcome/Opening Remarks**: Ravindra Thakur, MAHURI–HOME and Devraj Humagain, MC

| Time | Name | Paper Title |
|---|---|---|
| 9:30–10:00am<br><br>10:00–10:30am | Sanjay Kumar Pasee<br>(Kapilvastu)<br><br>Discussant: Deepak Bhandari<br>Floor discussion | नटुवा जातिको सामाजिक अध्ययन |
| 10:30 –11:00 am<br><br>11:00–11:30am | Sona Khatik<br>(Kapilvastu)<br><br>Discussant: Parsu Ram Yadav<br>Floor discussion | सामुदायिक रेडियोमा दलित महिला संचारकर्मी |
| 11:30 – 12:00pm<br><br>12:00 –12:30pm | Brijraj Kushwaha<br>(Nawalparasi)<br><br>Discussant: Dudh Nath Gupta<br>Floor discussion | गण्डक सम्झौताले पारेको आर्थिक तथा सामाजिक प्रभावको अध्ययन |
| | ***Lunch (12:30– 1:30pm)*** | |
| 1:30– 2:00pm<br><br>2:00–2:30pm | Saraswati Sharma<br>(Nawalparasi)<br><br>Discussant: Adv. Noor Mohmed<br>Floor discussion | अधिकारको उपभोगमा अडचन : नवलपरासीका नागरिकता विहीन महिलाको जनजीविकाको संघर्ष |
| 2:30–3:00pm<br><br>3:00–3:30pm | Prem Jaiswal<br>(Kapilvastu)<br><br>Discussant: Mayraj Khan<br>Floor discussion | सामुदायिक विद्यालय र मदरसाबीच तुलनात्मक अध्ययन |
| 3:30–4:00pm<br><br>4:00–4:30pm | Uma Poudel<br>(Nawalparasi)<br><br>Discussant: Khaga Pd. Chapagai<br>Floor discussion | वैदेशिक रोजगारीमा कामदारको मृत्यु पश्चात् आर्थिक कारणले परिवारमा परेको सामाजिक तथा मनोसामाजिक असर |
| 4:30–5:00pm<br><br>5:00–5:30pm | Ram Bikash Chaudhary<br>(Rupandehi)<br><br>Discussant: Ram Dayal Thakur<br>Floor discussion | मधेश आन्दोलनका क्रममा गैर न्यायिक हत्या |

**Day II, Saturday**

08:00–9:00am
**Breakfast**

| | | |
|---|---|---|
| 9:00–9:30am<br><br>9:30–10:00am | Motikala Pangeni<br>(Nawalparasi)<br><br>Discussant: Ganesh Man Mahato<br>Floor discussion | संग्रहालय र थारू आन्दोलनको सम्बन्ध |
| 10:00–10:30am<br><br>10:30–11:00am | Ram Chandra Shrestha<br>(Rupandehi)<br><br>Discussant: Rabindra Pokhrel<br>Floor discussion | सुकुम्बासी बस्तीः शहरले जन्माएको शहरसँगको अन्तरक्रियाको माध्यम |
| 11:00–11:30am<br><br>11:30–12:00pm | Laxmi Shrestha<br>(Kapilvastu)<br><br>Discussant: Maya Gyawali<br>Floor discussion | नागरिकतामा परिवार, समाज र राज्यमा पितृसत्ताको गुणात्मक वृद्धि |
| 12:00–12:30pm<br><br>12:30–01:00pm | Tribhuvan Barai<br>(Rupandehi)<br><br>Discussant: Rajesh Kr Chaudhary<br>Floor discussion | पश्चिमका मधेसी कवि गायकका दृष्टिमा तेस्रो मधेस आन्दोलन |
| ***Lunch (01:00–02:00)*** | | |
| 2:00–2:30pm<br><br>2:30–3:00pm | Raksha Ram Harijan<br>(Kapilvastu)<br><br>Discussant: Adv. Bhola B.K<br>Floor discussion | समावेशी विषयमा न्यायिक प्रतिक्रिया |
| 03:00–3:30pm<br><br>3:30– 4:00pm | Deepak Gyawali<br>(Rupandehi)<br><br>Discussant: Ravindra Thakur<br>Floor discussion | के थियो माओवादी युद्ध विरुद्धको प्रतिकार ? कहाँ गए प्रतिकारकारीका त्यत्रा हतियार ? |
| **4:00–4:30pm**<br>**Closing** | | |

**अनुसूची ६: चौतारीका अनुसन्धाता/सदस्यहरूका पत्रपत्रिका तथा अनलाइनमा आ.व. २०७५/७६ मा प्रकाशित सामग्री**

1. तटस्थता र मौनताको संस्कृति by कैलाश राई
2. Issues On Smart Cities by Harsha Man Maharjan
3. मिडिया एकाधिकार र सघनताको प्रश्न by हर्षमान महर्जन
4. ज्ञानमा बन्देज  by भास्कर गौतम
5. महिलाका भिन्न-भिन्न प्राथमिकता by कैलाश राई
6. सशंकित, असुरक्षित सरकार by भास्कर गौतम
7. To Do or Not To Do by Pranab Kharel & Gaurab KC
8. सर्वनाशलाई सुन्दर देख्ने सरकारी दृष्टिदोष by भास्कर गौतम
9. छायामा प्रयागराज by गौरब केसी /प्रणब खरेल
10. ज्ञानको प्रत्यूष आरन by कोमल भट्ट
11. टंकलाल र वसुधा by देवेन्द्र उप्रेती
12. आन्दोलनको पुस्तान्तरण by कैलाश राई
13. हामी डोल्पाली भउवा by अंकलाल चलाउने
14. नेपालको 'जातीय पोसाक' by लोकरञ्जन पराजुली
15. भर्चुअल हिस्ट्री by गौरव केसी
16. What about Multiple Media Councils? by Harsha Man Maharjan
17. नियन्त्रित लोकत्त्र, कमजोर प्रतिपक्ष by भास्कर गौतम
18. अन्तरविरोधभित्र मिडिया विधेयक by प्रणव खरेल र गौरव केसी
19. महिला आन्दोलनको असन्तुष्टि by कैलास राई
20. विद्यालय शिक्षा स्थानीय सरकारलाई नै by देवेन्द्र उप्रेती, लोकरञ्जन पराजुली
21. सशंकित, असुरक्षित सरकार by भास्कर गौतम
22. के सुन्दर, कस्तो सुन्दरता ? by सन्जिला तामाङ
23. Manisha Koirala's Life Lessons from Surviving Cancer by Abha Lal
24. पर्दाभित्रको प्राज्ञिक कसरत by देवराज हुमागाईं
25. जनताको जलविद्युतमा गरिएको लगानी जोखिममा : इप्पानका उपाध्यक्ष कुमार पाण्डेको विचार
26. नेपालमा अनलाइनको भविष्य by हर्षमान महर्जन
27. Gorkhapatra's Technological Transformation by Harsha Man Maharjan
28. कमलमणि लेख्छन्–सम्पादकज्यू, यो पत्र छापिएला भन्ने आशा त छैन by लोकरञ्जन पराजुली
29. आमा, गोठ र अरुण by कैलाश राई
30. गरिबको विषक्षमा लोकतन्त्र by भास्कर गौतम
31. सार्वजनिक शिक्षाको अर्ध-निजीकरण by प्रमोद भट्ट
32. यौनिकता कज्याउने अनेक दाउ by कैलाश लाई
33. बोधविक्रम, यदुनाथ र अबिचुअरी by लोकरञ्जन पराजुली
34. मानव अधिकारको विरोधाभास by भास्कर गौतम
35. 'Dukhhas' of Nepali Migration by Pranab Kharel & Gaurab KC
36. राजनीतिक मैदानमा प्राज्ञिक खेलाडी by देवेन्द्र उप्रेती
37. वर्षव्यक्ति टिप्पणीः अभियानले बनायो व्यक्तित्व by भास्कर गौतम
38. विश्वविद्यालयमा सत्ताग्रहण ! by लोकरञ्जन पराजुली
39. लाजै भो ! by लोकरञ्जन पराजुली
40. विदेशी लगानीको स्वदेशी राजनीति by भास्कर गौतम
41. मिथ्या कुरा by भास्कर गौतम
42. मुलुक पुनः द्वन्द्वतर्फ by लोकरञ्जन पराजुली
43. महिला र राज्यको चरित्र by सञ्जिला तामाङ
44. ९४ की कवि, को हुन् मधुधारा ? by लोकरञ्जन पराजुली

45. ‘वार अफिस’को कथा by अर्जुन पन्थी
46. अनुदान आयोग कि नियन्त्रित ‘उच्च शिक्षा’ आयोग ? by देवेन्द्र उप्रेती र प्रत्यूष वन्त
47. साहित्य, सिनेमा र स्वतन्त्रता by भास्कर गौतम
48. विप्लव वार्तामा आउनु नै हितकर छ by भास्कर गौतम
49. खाँचो विधा इतिहास पुनर्लेखनको by गौरब केसी र प्रणब खरेल
50. शान्ति–सुरक्षाको केन्द्रीकरण by भास्कर गौतम
51. अथक अन्वेषकको सम्झना by हर्षमान महर्जन
52. सम्झाउनीमा शिव by अर्जुन पन्थी
53. विश्वविद्यालय स्थापनाको राणाकालीन पृष्ठभूमि by लोकरञ्जन पराजुली
54. आर्थिक सुरक्षा नै राष्ट्रिय सुरक्षा by भास्कर गौतम
55. दिशाविहीन प्रतिपक्ष by भास्कर गौतम
56. Trajectory of History Writing by Pranab Kharel & Gaurab KC
57. एकीकृत सेवा आयोगः विश्वविद्यालयका लागि गलत by देवेन्द्र उप्रेती/प्रत्यूष वन्त
58. सूचना-दोहनको शक्तिशाली उद्योग by भास्कर गौतम
59. हाम्रा शहर र सार्वजनिक वृत्त by प्रत्यूष वन्त
60. खुल्न नसकेको एउटा विश्वविद्यालय by लोकरञ्जन पराजुली
61. संकटमा सहरवासीको अधिकार by भास्कर गौतम
62. विद्यार्थीका लागि सिनेमा by लोकरञ्जन पराजुली
63. दृष्टान्तमा डोरबहादुर विष्ट र उनका आलेख by गौरव केसी र प्रणव खरेल
64. पहिलो सिनेमा घरको कथा : ‘फस्ट सो’ मा सधैँ राजा by लोकरञ्जन पराजुली
65. धर्म निरपेक्षताका नौ प्रश्न by भास्कर गौतम
66. असमावेशी नेपाली साहित्य by मञ्जुश्री थापा
67. Editing Studies in Nepali History and Society by Pratyoush Onta
68. जनता : राज्यको सम्पत्ति कि दायित्व ? by कोमल भट्ट
69. Reassessing Panchayat by Pranab Kharel and Gaurab KC
70. बीपीको विरासत धान्ने अवसर by भास्कर गौतम
71. पञ्चायतमा ज्ञान उत्पादन : एक सिंहावलोकन by गौरव केसी र प्रणव खरेल
72. Reading in a Group by Pratyoush Onta
73. दास बनेका रूपान्तरणकारीहरू by भास्कर गौतम
74. ट्विटबाट क्रान्ति असम्भव by सोहन साह
75. More Training via Coursework by Pratyoush Onta
76. Training via Coursework by Pratyoush Onta
77. दलालको दलदलमा विकास by कोमल भट्ट
78. भोगविलासको भोक by भास्कर गौतम
79. Watching the Watchdog by Pranab Kharel and Gaurab KC
80. Making Local Education Policies by Shak Bahadur Budhathoki
81. स्वतन्त्र देशका अस्वतन्त्र श्रमिक by भास्कर गौतम
82. विनय विनाका कम्युनिस्ट by कोमल भट्ट
83. भूकम्पपछिको विद्यालय पुनर्निर्माण by रुख गुरुङ/लोकरञ्जन पराजुली
84. Patronage of Publics by Pratyoush Onta
85. विद्यावारिधि शोधको गुणस्तर by लोकरञ्जन पराजुली
86. विराटनगरको त्यो विमर्श by भास्कर गौतम
87. समृद्धि र स्थिरता: फगत मृगमरीचिका? by लोकरञ्जन पराजुली
88. Reckoning with the Past by Abha Lal
89. सरकार भन्छ, शिक्षा ‘सी’ ग्रेडको by देवेन्द्र उप्रेती
90. काठमाडौँको भविष्य by भास्कर गौतम

91. विकास-समृद्धिः बहसको राजनीति by मल्लिका शाक्य
92. 'Locating' the Missing History Students by Pratyoush Onta
93. Understanding Private Sector Education by Shak Bahadur Budhathoki
94. बुद्धिलाई व्यापार मान्ने मसीजीवी यहाँ छन् by योगेश राज
95. प्राज्ञिक अनुसन्धान किन कमजोर? by लोकरञ्जन पराजुली/देवेन्द्र उप्रेती
96. दलीयकरणले काम गर्न सकिएन भन्नु झेली कुरा हो by प्रत्युष वन्त
97. गन्तव्य लैंगिक लोकतन्त्र by भास्कर गौतम
98. No More Crawling by Pranab Kharel & Gaurab KC
99. शिक्षाबारे के सोच्नुभएको छ ? by देवेन्द्र उप्रेती/लोकरञ्जन पराजुली
100. मन्त्रालयपिच्छे किन विश्वविद्यालय ? by देवेन्द्र उप्रेती
101. Status of Teaching-Learning in Nepal by Shak Bahadur Budhathoki
102. विधि-विधानको बिब्ल्याँटो by देवेन्द्र उप्रेती
103. विश्वासिलो प्रहरी संगठनको खाँचो by भास्कर गौतम
104. डोल्पाली हामी खेलौना हौँ ? by अंकलाल चलाउने
105. प्राज्ञिक कर्ममा कैलाश by वन्दना ढकाल
106. Education Policies: Why They Fail in Nepal? by Shak Bahadur Budhathoki
107. Reforming School Enrollment Campaign by Shak Bahadur Budhathoki
108. केन्द्रीकृत ढाँचाको संघीयता by भास्कर गौतम
109. Access and the internet: Clearing up four misconceptions about digital connectivity in Nepal by Shailesh B Pandey
110. Gender, Nation, and Women's Honour by Sangita Thebe Limbu and Kalpana Jha
111. Moving beyoud "Kill all Rapists" by Abha Lal
112. My Limited 'Liberal Arts' Education by Pratyoush Onta
113. सेनामाथि संसदीय निगरानी खोई ? by भास्कर गौतम
114. खोजौँ, द्वन्द्वकालका सत्यहरू by भास्कर गौतम
115. Educational Decentralisation and Corruption by Shak Bahadur Budhathoki

## अनुसूची ७ : मार्टिन चौतारीका अनुसन्धाताहरूले सहभागिता जनाएका विदेशमा आयोजित प्राज्ञिक कार्यक्रमको विवरण

| क्र.सं. | सहभागीको नाम र पद | कार्यक्रम | आयोजक र स्थान | मिति | उद्देश्य |
|---|---|---|---|---|---|
| १ | सोहन साह र निश्चल रेग्मी, अनुसन्धाता | Society for Social Studies of Science (4s) Annual Conference 2018 | School of Humanities and languages, University of New South Wales, Sydney, Australia,<br><br>Sydney International Convention Centre (IIC) | २९ अगस्ट देखि १ सेप्टेम्बर २०१८ | प्रस्तुति |
| २ | प्रत्यूष वन्त र लोकरञ्जन पराजुली | Workshop on Himalayan Studies and Interdisciplinarity | Centre for Himalayan Studies (CHS), University of North Bengal (NBU), Siliguri, West Bengal, India | १०-१५ डिसेम्बर २०१८ | प्रस्तुति |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | योगरेश राम मिश्र र लोकरञ्जन पराजुली | Sixth South Asian History Conference | पञ्जाव युनिभर्सिटी<br>पटियाला, भारत | फेब्रुअरी, १-३, २०१९ | प्रस्तुति |